मध्यमकालीन खर्च संरचना

२०७९/८०-२०८१/८२

Medium Term Expenditure Framework

2022/23-2024/25

बारपाक सुलिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा, गण्डकी प्रदेश, नेपाल

२०७९

फोन: ०६४–६९११७७

इमेल : barpaksulikotrm@gmail.com

वेवसाईट: www.sulikotmun.gov.np

बारपाक सुलिकोट गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा

प्रकाशकीय

नेपालको संविधान बमोजिमको संघीय ढाँचाको राज्य संरचना कार्यन्वयन गर्ने दाश्रो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । संविधानको मर्मअनुसार दीगो शान्ति र सामाजिक न्याय सहितको समृद्धीमा प्रप्त गर्ने तीव्र चाहाना अनुसार यो व्यवस्थाको जग बसाल्ने ऐतिहासिक अवसर अहिलेका हामी जनप्रतिनिधिहरुले प्राप्त गरेका छौं । यसै सर्न्दभमा संघीय व्यवस्थाको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानीय सरकारले पनि संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी दीगो बिकासका लक्ष्य हाँसिल गर्न योजनावद्ध आवधिक र दीर्घकालिन योजना तर्जुमा गर्न पर्ने व्यवस्था अनुसार वि.स. २१०० सम्मको दीर्घकालिन सोच "समृद्ध बारपाक सुलिकोट निर्माणको मुल आधार : दीगो कृषि, पर्यटन र सुरक्षित पूर्वाधार"मा आधारित भई त्रिवर्षीय आवधिक योजना (२०७८/७९ – २०८०/८१) तयार गरिएको थियो । आवधिक योजना र वार्षिक योजना विचमा सामान्जस्यता स्थापना गरी आवधिक योजनाको लक्ष्य, उद्देश्य र प्रथमिकताहरुलाई कार्यन्वयन गर्नको लागि गाउँ पालिकाको निति तथा कार्यक्रम अनुसार यो मध्यमकालीन खर्च संरचना (२०७९/८० – २०८१/८२) तयार गरिएको छ । यो मध्यमकालीन खर्च संरचना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने हाम्रा शुभचिन्तक, विज्ञ विद्धानहरु, आम जनसमुदाय, यसमा आ-आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका परामर्श संस्थाका टिमका सदस्यहरु, हाम्रा जनप्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी वर्ग, गाउँपालिकाका सबै नागरिक लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

.....

विष्णु प्रसाद भट्ट

अध्यक्ष

मिति २०७९ ज्येष्ठ २७

बारपाक सुलिकोट गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा

दुई शब्द

भौगोलिक विविधता र प्राकृतिक श्रोतको धनी गोरखा जिल्लाको बारपाक सुलीकोट गाउँपालिका जिल्लाकै आर्थिक बिकासको अग्रणी क्षेत्रको रुपमा विकसित हुने प्रचुर सम्भावना रहेको छ । सुशासन, प्रभावकारी सेवाप्रवाह, पर्यटकीय पूर्वाधारको निर्माण, कृर्षिमा व्यवसायीकरण, स्थानीय औधोगीकरण, उत्पादन तथा आयमूलक कार्यमा लगानी, रोजगारीको सृजना तथा नागरिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि जस्ता कार्य यथोचित रुपमा अगाडी बढ्न नसकेकोले बारपाक सुलीकोट गाउँपालिकाले आसातित रुपमा आर्थिक सम्वृद्धि हासिल गर्न सकेको छैन । यसका लागि संघीय, प्रदेश तथा स्थानीय सरकार सहित स्थानीय राजनैतिक दल, संघ संस्था, सहकारी तथा निजि क्षेत्र सवैको बिकास र परिवर्तन प्रतिको सकरात्मक सोच, एकता तथा समन्वय र दृढ ईच्छाशक्ति हुनु अति नै आवश्यक छ । वस्तुगत तथा तथ्यपरक योजना निर्माण, सेवा प्रवाह र बिकास कार्यलाई प्रभाबकारी गराउन गाउँपालिकाको समग्र पक्षको क्षेत्रगत तथा खण्डिकृत तथ्यांकका आधारमा त्रिवर्षीय आवधिक योजना तर्जुमा गरिएको थियो । यस त्रिवर्षीय आवधिक बिकास योजनाको आधारमा यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस क्रममा बिभिन्न चरणमा कृयाशिल बिकास साँझेदार, नागरिक समाज, वुद्धिजिवी, उद्योगी व्यवसायी, निजि क्षेत्र समेतको अर्थपूर्ण सहयोग र सहभागिता रहेको छ । यसबाट गाउँपालिको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जूमा, आन्तरिक आयवृद्धि तथा बिकास प्रकृया लगायत समग्र क्षेत्रमा मार्गदर्शन हुनेछ भन्ने पूर्ण विश्वास लिएकी छु ।

अन्त्यमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्नुहुने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीयस्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्थाको योगदानको उच्च कदर गर्दै अत्यन्तै हार्दिकता पूर्वक धन्यवाद व्यक्त गर्दछु ।

.....

सनमाया गुरुङ
उपाध्यक्ष
मिति २०७९ ज्येष्ठ २५

बारपाक सुलिकोट गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
ताकुकोट, गोरखा

मन्तव्य

गोरखा जिल्लाको उत्तरी क्षेत्रमा अवस्थित यस बारपाक सुलिकोट गाउँपालिका पर्यटनका दृष्टिले महत्वपूर्ण रहेको छ । गाउँपालिकाको सभाबाट बजेट, योजना, नीति तथा कार्यक्रम पारित गरी अल्पकालिन, मध्यकालिन र दीर्घकालिन सोँच सहित त्रिवर्षीय आबधिक योजना (२०७८/८९ देखि २०८०/८१) र वार्षिक योजना विच सामन्जस्यता स्थापना गरी आवधिक योजनाको लक्ष्य, उद्देश्य र प्राथमिकताहरुलाई कार्यन्वयन गर्न यो मध्यमकालीन खर्च संरचना (२०७९/८० देखि २०८१/८२) तयार गरिएको छ । यस गाउँपालिकाको बिकास र सम्बृद्धिका लागि पहिचान गरीएका प्राथमिकताहरु, किटान भएका कार्यक्रम तथा योजनाहरु विनियोजन भएको बजेटको प्रभावकारीता स्थानीयस्तरमा त्यतीबेला मात्र देखिन जान्छ जति बेला यी सबै कार्यक्रमहरुमा प्रत्यक्ष लाभान्वित सरोकारवाला जनताको स्वःस्फूर्त रुपमा अधिकतम सहभागिता र साझेदारीता प्राप्त हुने गरी कार्यन्वयन हुन जानेछन् । यो मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नुहुने आदरणीय अध्यक्षज्यू, उपाध्यक्षज्यू साथै सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नुहुने सबै राजनीतिक दलका नेतृत्ववर्गहरु, विषयगत दक्षता ज्ञान सहित रायसुझाव तथा सल्लाह प्रदान गर्नुहुने विषयगत शाखाका प्रमुख एवं राष्ट्रसेवकहरु, सबै वडाका सचिव र कर्मचारी साथीहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । साथै छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु विशेष आभार प्रकट गर्दछु ।

.....

प्रमुख प्रशासकीय अधिकृत
तुलसी राम आचार्य

मिति २०७९ ज्येष्ठ

विषयसूची

परिच्छेद १
परिचय

१.१ पृष्ठभूमि १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य १
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू २
१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया २

परिच्छेद २
मध्यमकालीन खर्च संरचना

२.१ पृष्ठभूमि ४
२.२ सोच, उद्देश्य तथा रणनीति ४
२.२.१ गाउँ बिकासको दीर्घकालिन सोच ४
२.२.३ गाउँ बिकासको उद्देश्य ४
२.३ मध्यमकालिन आर्थिक खाका ५
२.४ मध्यमकालिन नतिजा सूचक तथा लक्ष्य ५
२.४ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण १४
२.५ बजेट विनियोजन र प्रक्षेपणको बांडफांट १४
२.६ विषय क्षेत्रगत बांडफांट १६

परिच्छेद ३
आर्थिक बिकास

३.१ पृष्ठभूमि १७
३.२ विद्यमान अवस्था, संभावना तथा अवसर १७
३.३ समस्या र चूनौति १८
३.४ विषय क्षेत्र लक्ष्य, उद्देश्य र रणनीति १८
३.४.१ लक्ष्य १८
३.४.२ उद्देश्य १९
३.४.३ रणनीति १९
३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य १९
३.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २१
३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण २१
३.८ जोखिम पक्ष तथा अनुमान २५

परिच्छेद ४
सामाजिक बिकास योजना

४.१ पृष्ठभूमि २६
४.२ विद्यमान अवस्था, संभावना तथा अवसर २६
४.३ समस्या र चूनौति २७
४.४ आवधिक योजना अनुसार विषय क्षेत्र लक्ष्य, उद्देश्य र रणनीति २८
४.४.१ लक्ष्य २८
४.४.२ उद्देश्य २८
४.४.३ रणनीति २८
४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य २८
४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २९
४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण २९
४.८ जोखिम पक्ष तथा अनुमान ३१

परिच्छेद ५
पूर्वाधार बिकास

५.१ पष्ठभूमि ३२

५.२ विद्यमान अवस्था, संभावना तथा अवसर ३२
५.३ समस्या र चूनौति ३२
५.४.१ लक्ष्य ३२
५.४.२ उद्देश्य ३२
५.४.३ रणनीति ३३
५.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ३३
५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३४
५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ३४
५.८ जोखिम पक्ष तथा अनुमान ३६

परिच्छेद ६
वन, वातावरण तथा विपद व्यवस्थापन योजना

६.१ पृष्ठभूमि ३७
६.२ विद्यमान अवस्था, संभावना तथा अवसर ३७
६.४ लक्ष्य, उद्देश्य तथा रणनीति ३८
६.४.१ लक्ष्य ३८
६.४.२ उद्देश्य ३८
६.४.३ रणनीति ३८
६.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ३८
६.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३९
६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण ३९
६.८ जोखिम पक्ष तथा अनुमान ४०

परिच्छेद ७
सुशासन तथा संस्थागत बिकास

७.१ पृष्ठभूमि ४१
७.२ विद्यमान स्थिति तथा संभावना ४१
७.३ समस्या तथा चूनौति ४२
७.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ४२
७.४.१ लक्ष्य ४२
७.४.२ उद्देश्य ४२
७.४.३ रणनीति ४२
७.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ४२
७.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ४३
७.७ कार्यक्रम तथा आयोजना संक्षिप्त विवरण ४३
७.८ जोखिम पक्ष तथा अनुमान ४४

परिच्छेद १
परिचय

१.१ पृष्ठभूमि

संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार र कार्यक्षेत्र तोकेको छ र तिनै तहका सरकारहरुले संविधान र कानून बमोजीम अधिकार क्षेत्रको स्वायत्ततापूर्वक प्रयोग गर्ने गरी स्पष्ट जिम्मेवारी निर्धारण गरेकोछ। तहगत सरकारहरु आफ्ना अधिकार क्षेत्रका बिषयमा कानून बनाउने, वार्षिक बजेट तर्जुमा गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने सम्बन्धमा स्वायत्त हुने संवैधानिक व्यवस्था रहेको छ । ऐनले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु व्यवस्था गरेको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्था लगायत प्रचलित कानूनी व्यवस्था अनुरुप मध्यमकालीन खर्च संरचना आवश्यक छ । सो बमोजिम गाउँपालिकाको विषयगत समितिहरु, कार्यपालिका कार्यालयको विषयगत शाखा, उपशाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श गरी आवधिक योजना, गाउँपालिकाको स्थिति पत्र र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमको आधारमा आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित बारपाक सुलिकोट गाउँपालिकाको मध्यमकालीन खर्च संरचना पहिलो पटक तयार गरिएको छ ।

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो र यसलाई खर्चयोजनाको रुपमा पनि लिइन्छ । यो उपलब्ध सीमित स्रोतलाई सञ्चालन र बिकासका विभिन्न क्षेत्रमा बाँडफाँट गर्ने तीन वर्षीय चक्रीय खर्च योजना हो । अर्को शब्दमा मध्यमकालीन खर्च संरचना निर्दिष्ट लक्ष्य प्राप्तिका लागि आवधिक योजना र वार्षिक बजेटलाई जोड्ने सेतुको कार्य गर्ने संयन्त्र हो । यसमा सम्बन्धित निकायको व्यापक छलफल पछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेट अनुमान हुन्छ जुन चाहि वार्षिक बजेटसँग तादम्यता रहन्छ र बाँकी दुई वर्षको (Outer Year Budget) प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ ।

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

बारपाक सुलिकोट गाउँपालिकाबाट मध्यमकालीन खर्च संरचना पहिलो पटक तयार गरिएको हो । यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको तीन वर्षको समग्र बिकासको प्राथमिकता प्राप्त क्षेत्र तथा कार्यक्रममा लगानी, निरन्तरता र कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो बिकास हासिल हुने अपेक्षा गरिएको छ । यस खर्च संरचनाले गाउँपालिकाको दीर्घकालिन सोच **"समृद्ध बारपाक सुलिकोट, सुखी गाउँवासी"** र पहिलो आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दीगो बिकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ । मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । मध्यमकालीन खर्च संरचना तयारीबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

- सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टीगत आर्थिक स्थायित्व कायम गर्नका लागि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान सहित बजेट खाका तर्जुमा भएको हुनेछ ।
- उपलब्ध श्रोत साधनलाई स्थानीय तहको नीति, आवधिक योजना र वार्षिक बजेट बीच तालमेल गराई वार्षिक बजेट तथा कार्यक्रमको स्थिरता र सुनिश्चिता हुनेछ ।
- स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन, खर्चको पारदर्शिता बढाउन तथा वित्तीय अनुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।
- गाउँपालिकाको बजेट अनुमानलाई वास्तविक, सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित भएको हुनेछ ।

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दिर्घकालिन योजना र आवधिक योजनाको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्मकालिन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो बिकासका लक्ष्य (२०१५-२०३०)
- अन्तरसरकार वित्त व्यवस्थापन ऐन, २०७४
- गाउँपालिकाको प्रथम आवधिक गाउँ बिकास योजना (२०७७/७८-२०८१/८२)

१.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

गाउँपालिकाको आवधिक योजनाको आधारमा यस गाउँपालिकाको मध्यमकालीन खर्च संरचना देहायअनुसार पाँच चरण पुरा गरी तयार गरिएको छ :

त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी: गत आर्थिक वर्ष (२०७७/७८) को यथार्थ स्थिति, चालु आर्थिक वर्ष (२०७८/७९) को संशोधित अनुमान र आवधिक योजनामा प्रस्तुत स्रोतको प्रक्षेपणको आधारमा सम्बन्धित विषयगत समिति, विषयगत शाखा/उपशाखा/इकाई र वडा कार्यालय र सहयोगी निकायहरु बीच नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको बजेट प्रक्षेपणको प्रारम्भिक अनुमान तयार गरियो । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले गाउँपालिकाको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, प्रथम आवधिक बिकास योजना, वित्तीय स्थिति, वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गरियो ।

बजेट सीमा र मार्गदर्शन पठाउने : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको बजेटको सीमा भित्र कार्यान्वयन इकाई र क्षेत्रगत रूपमा तोकिएको ढाँचामा चालु, पुँजीगत र वित्तीय व्यवस्था सहितको बजेटको सीमा र मार्गदर्शन तयार गरिएको छ । सम्बन्धित शाखाहरूले आफू अन्तर्गतका उपशाखा, इकाई र सेवा केन्द्र आयोजनाहरूमा मार्गदर्शनसहित बजेटको सिमा सो प्रणालीमा समावेश गरियो ।

आयोजनाको छनौट र प्राथमिकता निर्धारण: गाउँपलिकाको आवश्यकता, समस्या र संभावना अनुसार कार्यान्वयन योग्य र बढी प्रतिफल प्राप्त हुने आयोजनाहरु छनौट गरी गाउँपालिकाले संचालन गर्ने विभिन्न विषय क्षेत्रको आयोजनाको पहिचान, संभाव्यता अध्ययन विश्लेषण, सर्वेक्षण, डिजनाई र विस्तृत अध्ययन प्रतिवेदनको आधारमा प्राथमिकता निर्धारण गरी छनौट गरी आयोजना वैंक तथा आयोजनाको प्रस्ताव तयार गरियो ।

मध्यमकालीन खर्च संरचना र कार्यक्रम र बजेट प्रस्तावः स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्रदान गरिएको बजेटको सीमा र मार्गदर्शन भित्र रही विषयगत शाखा/इकाई र कार्यलयले आफ्ना आवश्यकता र प्राथमिकताका आधारमा छनौट भएका आयोजना तथा कार्यक्रमको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरी SuTRA मा प्रविष्टि गरी नीति तथा कार्यपालिका कार्यालयमा पेश गरियो ।

विषयगत प्राविधिक समितिमा छलफलः विषय शाखा/इकाई र वडा कार्यालयबाट प्रस्तावित त्रिवर्षीय खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना र आगामी आ.व.को बजेट सम्बन्धित विषय समितिमा छलफल गरियो । यस प्रकार छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका सिद्धान्तहरु र राज्यका नीति तथा स्थानीय तहको अधिकारको क्षेत्र, दीगो बिकासका लक्ष्य, राष्ट्रिय दीर्घकालिन सोच तथा पन्ध्रौ बर्षिक योजना, प्रदेश तथा गाउँपालिकाको प्रथम आवधिक योजना, समस्या र संभावना एवं आयोजना वैंकबाट छनौट गरिएका आयोजनाको प्राथमिकतालाई आधार बनाइएको छ ।

मस्यौदा तयारीः विषयगत समितिमा छलफल पश्चात प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको छ ।

गाउँ सभामा मध्यमकालीन खर्च संरचना प्रस्तुत गर्ने : उपरोक्त विधि र प्रक्रिया बमोजिम तयार मध्यमकालीन खर्च संरचना र वार्षिक बिकास कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गरिएको छ । आन्तरिक आयको प्रक्षेपण, राजस्व बाँडफाँट, नेपाल सरकार तथा प्रदेश सरकार र अन्य स्थानीय तहबाट प्राप्त हुने अनुदान एवम् आन्तरिक ऋणको प्रक्षेपणसहित बजेटको उद्देश्य, नीति, प्राथमिकता, दीर्घकालीन सोच एवम् योजनाले निर्धारित गरे बमोजिम आगामी वर्ष संचालन गरिने कार्यक्रमहरूलाई समेत समेटी आगामी आर्थिक वर्षको आय व्यय विवरण बजेट बक्तव्य मार्फत गाउँ कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गरियो र वार्षिक बजेटसँगै मध्यमकालीन खर्च संरचना समेत गाउँ सभामा पेश गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम सभाबाट स्विकृत गरिएको छ ।

परिच्छेद २
मध्यमकालीन खर्च संरचना

२.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको थियो। संघीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो आवश्यकता र प्राथमिकता अनुसारका विषयहरु समावेश गरेर सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत छुट्याउनु पर्ने व्यवस्था रहेकोछ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा बारपाक सुलिकोट गाउँपालिकाले तय गरेको दीर्घकालिन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) तर्जुमा गरिएको छ।

२.२ सोच, उद्देश्य तथा रणनीति

मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको प्रथम त्रिवर्षीय आवधिक गाउँ बिकास योजना (२०७८/७९-२०८०/८१) लाई प्रमुख आधारको रुपमा लिइएको छ। उक्त योजनामा उल्लिखित गाउँ बिकासको समष्टिगत सोच, लक्ष्य तथा उद्देश्य, प्राथमिकता तथा रणनीति र विषय क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य र रणनीतिलाई यस चक्रीय योजनाको समष्टिगत सोच, लक्ष्य उद्देश्य तथा रणनीति विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रुपमा उल्लेख गरिएको छ। सो अनुसार मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

२.२.१ गाउँ बिकासको दीर्घकालिन सोच

बारपाक सुलिकोट गाउँपालिकाको वि.सं २१०० सम्मको दीर्घकालिन सोंच देहायअनुसार रहेको छ :

"समृद्ध बारपाक सुलिकोट निर्माणको मुल आधार ! दीगो कृषि, पर्यटन र सुरक्षित पूर्वाधार !!"

गाउँपालिकाको दीर्घकालीन सोचको आधार योजनाको रुपमा रहेको प्रथम आवधिक योजनाको लक्ष्य देहायअनुसार रहेको छ: *दीगो उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन एवम् प्रभावकारी विपद् जोखिम न्यनीकरण गरी समतामूलक, समावेशी, न्यायपूर्ण, समाजबादउन्मुख बारपाक सुलिकोट गाउँपालिका निर्माण गर्ने।*

२.२.३ गाउँ बिकासको उद्देश्य

गाउँपालिकाको दीर्घकालिन सोच अनुरुप उपरोक्त लक्ष्य हासिल गर्न आवधिक योजनाले देहायअनुसारको उद्देश्य लिएको वा अपेक्षा गरेको छ:

१. कृषि, पशु, पर्यटन, वन, वातावरण र पूर्वाधारको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने।

२. जलवायु परिवर्तनसँग अनुकुलित हुदै विपद् उत्थानसिलता मार्फत दिगो रुपमा पूर्वाधारको विकास गर्ने।

३. दिगो विकास लक्ष्यको स्थानीयकरण गरी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई सहयोग पुऱ्याउन श्रोतको उचित परिचालन तथा व्यवस्थापन गर्ने।

४. शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सामाजिक समावेशीकरण (अपाङ्गता भएका व्यक्ति, महिला, जनजाति, दलित, जेष्ठ नागरिक, यूवा), सवल लोकतन्त्र, संस्थागत सुशासन सहितको समतामूलक समाजको निर्माण गर्ने।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, प्राविधिक जनशक्तिको उत्पादन गरि रोजगारको प्रवर्द्धन एवम् व्यवस्थापन गर्ने ।

२.२.४ गाउँ बिकासको रणनीति

गाउँ बिकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका प्रमुख रणनीतिहरू रहेका छन्:

१. कृषिमा आधुनिकीकरण र यान्त्रीकरणमा जोड दिने ।

२. कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषि भूमीको चक्लाबन्दी र व्यवसायिक कृषिमा जोड दिने ।

३. सुलभ तथा गुणस्तरीय स्वास्थ सेवा र प्राविधिक तथा व्यवहारिक शिक्षामा जोड दिने ।

४. आवास तथा पूर्वाधार विकासलाई दिगो र वातावरणमैत्री विकासमा जोड दिने ।

५. आय वृद्धिका लागि गाउँपालिकामा रहेका प्राकृतिक स्रोतको उचित परिचालन गर्ने तथा प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने ।

६. सबै क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीतालाई मूलप्रवाहीकरण गर्ने

७. श्रम बजारलाई आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

८. सबै विषय क्षेत्र र उपक्षेत्रमा " अझ राम्रो र बलियो निर्माण" अवधारणामा आधारित विपद् जोखिम न्यूनीकरण र पुनर्लाभलाई मूलप्रवाहीकरण गर्ने ।

९. उत्थानशील समाज निर्माणका लागि विपद् पूर्वको सामान्य दिनहरूमा जस्तै हुने गरी ध्यान दिने ।

१०. पालिका, वडा र समुदाय तहमा विपद् जोखिम सम्बन्धी क्षमता विकास र संस्थागत संरचना निर्माणलाई प्रवर्धन गर्ने ।

११. सबै क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीतालाई मूलप्रवाहीकरण गर्ने ।

१२. जोखिमबाट पिडित वा जोखिममा रहेका समुदायहरूलाई भविष्यमा हुन सक्ने विपद्बाट बचाउन उनीहरूको क्षमता विकासमा जोड दिने ।

१३. पुनर्लाभ र विकास प्रक्रियामा समाजमा रहेका कमजोर वर्ग लयायत सबै समुदायको सहभागिता सुनिश्चित गर्ने ।

१४. समुदाय तहमा जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न जलवायु परिवर्तन अनुकुलित प्रविधि, शीप, ज्ञान, कृषि प्रणालीको प्रयोग गर्ने ।

१५. जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय स्रोत, परम्परागत ज्ञान र शीपको परिचालन गर्ने ।

१६. जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका लागि यूवा, बालबालिका, अपाङ्गता भएका मानिसहरू, ज्येष्ठ नागरिक, दलित, र समुदायका कमजोर समुदायको सहभागिता सुनिश्चित गर्ने र क्षमता अभिवृद्धि गर्ने ।

१७. यूवा, बालबालिका, अपाङ्गता भएका मानिसहरू, ज्येष्ठ नागरिक, दलित र समुदायका कमजोर व्यक्तिहरूको "अझ राम्रो र बलियो निर्माण" अवधारणामा आधारित पुनर्लाभ, जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका लागि क्षमता अभिबृद्धि र सहभागिता सुनिश्चित गर्न गाउँपालिका, समुदाय, विकास साझेदार निकायहरू, नीजि क्षेत्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूको स्रोत परिचालन गर्ने ।

२.३ मध्यमकालिन आर्थिक खाका

२.४ मध्यमकालिन नतिजा सूचक तथा लक्ष्य

प्रथम आवधिक योजना तथा गाउँ बिकासको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

तालिका २.१ : प्रमुख समष्टिगत तथा विषयगत सूचक तथा लक्ष्य

क.सं.	सूचक/लक्ष्य	इकाई	२०७४/७५ को अवस्था	मध्यमकालीन लक्ष्य (गाउँपालिका)		
				आधार बर्ष २०७७/७८	वि.सं. २०८०/८१	वि.सं. २१००
	समृद्धिका अल्पकालिन र दीर्घकालीन समष्टिगत आर्थिक सूचक					
१	अपेक्षित आयु (जन्म हुँदा)	बर्ष	६२	६२.५	६३	६५
२	बेरोजगारी दर	प्रतिशत	१३.५४	१२	११.७५	१०
३	विद्युतको पहुँचमा रहेको जनसंख्या	प्रतिशत	१००	१००	१००	१००
४	राष्ट्रिय परिचय प्राप्त गरेका नेपाली नागरिक	प्रतिशत	०	०	१००	१००
५	२०७२ को भूकम्पपछिको पुनर्निर्माणको अवस्था (निजीघर)	प्रतिशत		८०	९५	१००
६	२०७२ को भूकम्पपछिको पुनर्निर्माणको अवस्था (विद्यालय भवन)	प्रतिशत		८०	१००	१००
७	वहुप्रकोपबाट सुरक्षित निजी भवनहरू	प्रतिशत		५०	८०	१००
८	वहुप्रकोपबाट सुरक्षित सार्वजनिक भवनहरू	प्रतिशत		७०	९५	१००
९	वहुप्रकोपबाट सुरक्षित खानेपानी संरचनाहरू	प्रतिशत		६०	९५	१००
१०	वहुप्रकोपबाट सुरक्षित सिंचाई कुलाहरू	प्रतिशत		५०	९०	१००
११	वहुप्रकोपबाट सुरक्षित सडक संरचना	प्रतिशत		५०	९०	१००

स्रोत: प्रथम आवधिक विकास योजना (आ.व. २०७८/७९ – २०८०/८१)

प्रथम आवधिक विकास योजनाको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख विषय क्षेत्रगत सुचक तथा मध्यमकालीन लक्ष्य निर्धारण गरिएको छ। सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

नतिजा	सूचक	ईकाइ	आधार वर्ष २०७७/७८	मध्यमकालिन लक्ष्य				पुष्ट्याईको आधार	जिम्मेवार निकाय	दीराल संकेत	दीबिल सं	प्रससं	गपाससं
				२०७९/८०	२०८०/८१	२०८१/८२	अवधिको जम्मा लक्ष्य						
क. आर्थिक बिकास क्षेत्र													
क.१. कृषि, पोषण तथा खाद्य सुरक्षा													
कृषिको यान्त्रीकीरण र व्यवसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुने	गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	२६.३	२६.८	२७.८	३०	३०	गापा पा.चि.	गापा	४	२	३	
	व्यवसायिक कृषि फर्म	सख्या	–	१०	१५	२०	४५	गापा पा.चि.	गापा	४	२	३	
	कृषि क्षेत्रबाट स्वरोजगार जनसंख्या	प्रतिशत	१	५	७	८	२०	गापा पा.चि.	गापा	४	२	३	
गाउँपालिकाका नागरिकको लागि पोषण सहितको खाद्यान्नको सहज आपूर्ति भएको हुने ।	खाद्य असुरक्षामा कमी आएका घर परिपारको संख्यामा कमी	प्रतिशत	१०	८	७	५	५	गापा को प्रतिवेदन	गापा स्वाशा				
	खाद्य संचय तथा भण्डारण गृह	संख्या	०	–	–	१	१	गापा को प्रतिवेदन	गापा स्वाशा				
उत्पादन क्षेत्रको प्रवर्द्धन मार्फत पालिका भित्र बेरोजगारी कम भएको हुने ।	कुल रोजगार मध्ये औद्योगिक क्षेत्रमा संलग्न रोजगारहरू	प्रतिशत	३	५	७	१०	१०	गापा प्रो.	गापा				
	गापामा दर्ता भएका व्यावसाय मध्ये उत्पादन क्षेत्रमा संलग्न व्यावसायहरू	संख्या		५	५	५	१५	गापा प्रो.	गापा				
क.२ पशुसेवा													
स्वच्छ एबम् गुणस्तरीय पशुपंछी तथा मत्स्यजन्य उत्पादनमा आत्मा निर्भर भई खाद्य तथा पोषण सुरक्षामा सहयोग पुगेको हुने तथा पशुजन्य उपजको निर्यात गरि आम्दानीमा टेवा पुगेको हुनेछ ।	आफ्नै उत्पादनबाट मासु आपुर्ति	प्रतिशत	७५	१००	१००	१००	१००	गा.पा. प्रो.	गापा. प.शा.				
	आफ्नै उत्पादनले दुध आपूर्ति	प्रतिशत	५०	६०	७०	८०	८०	गा.पा. प्रो.	गापा. प.शा.				
	मासु निर्यात	रु.हजारमा	१६,९००	४१,०००	६,३०,०००	९५,०००	७८,१००	गा.पा. प्रो.	गापा. प.शा.				
	आफ्नै उत्पादनले अण्डा आपूर्ति	प्रतिशत	३०	४०	६०	८०	८०	गा.पा. प्रो.	गापा. प.शा.				
	गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा पशुपालन क्षेत्रको योगदान	प्रतिशत	१२.२	१३	१४	१६	१६	गा.पा. प्रो.	गापा. प.शा.				
	नागरिकको आयमा पशुपालनको योगदान	प्रतिशत	२५	२६	२७	३०	३०	गा.पा. प्रो.	गापा. प.शा.				
क.३ पर्यटन													
पर्यटन क्षेत्रको दिगो विकासबाट रोजगारीमा वृद्धि भई गाउँपालिकाको समृद्धिमा टेवा पुगेको हुनेछ ।	आन्तरिक पर्यटन आगमन	संख्या	१,०००	१,२००	२,५००	४,०००	३,०००	गापा प्रतिवेदन	गापा				
	विदेशी पर्यटक आगमन	संख्या	१००	५,०००	१२,०००	२२,०००	२१,०००	गापा प्रतिवेदन	गापा				
	गाउँपालिकाको कुल आयमा पर्यटन क्षेत्रको योगदान	प्रतिशत	१	३	४	६	५	गापा प्रतिवेदन	गापा				

नतिजा	सूचक	ईकाइ	आधार वर्ष २०७७/७८	मध्यमकालिन लक्ष्य				पुष्ट्याईको आधार	जिम्मेवार निकाय	दीरल संकेत	दीविल सं	प्रससं	गपाससं
				२०७९/८०	२०८०/८१	२०८१/८२	अवधिको जम्मा लक्ष्य						
	पर्यटन क्षेत्रबाट रोजगारीको सिर्जना	जना	५०	१००	२००	२५०	२००	गापा प्रतिवेदन	गापा				
क.४ उद्योग तथा व्यवापार													
घरेलु तथा साना उद्योगको विकास गरी रोजगारी वृद्धि भएको हुने ।	सञ्चालनमा रहेका थप घरेलु तथा साना उद्योगहरू	संख्या	१०००	१५	३०	४५	९०	गापाप्र	गापा				
	घरेलु तथा साना उद्योगहरूबाट रोजगारी पाएका व्यक्तिहरू	संख्या	१००	७५	१५०	२२५	४५०	गापाप्र	गापा				
क.५ बैंक तथा सहकारी													
सहकारी मार्फत रोजगारीमा वृद्धि भएको हुनेछ ।	सक्रिय उमेर मध्ये पूर्ण रोजगार हुनेहरू	प्रतिशत		१०	१५	२०	२०	गापा प्रो.	गापा				
	सक्रिय उमेर मध्य आंशिक रोजगार हुनेहरू	प्रतिशत		२०	३०	४०	४०	गापा प्रो.	गापा				
ख. सामाजिक बिकास													
ख.१. शिक्षा													
मध्यमस्तरको जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरूको पूर्वाधार विपद् उत्थानशील भई सुधार भएको हुने ।	गुणस्तरीय शिक्षा प्रदान गर्ने विपद् प्रतिरोधी विद्यालय र व्यवसायिक तथा प्राविधिक शिक्षालय	संख्या	२	–	–	४	२	–	–				
	भूकम्प तथा अन्य विपद्वाट क्षति भएका शिक्षाका पुर्वाधारको पुननिर्माण भएका विद्यालय			२५	४०	६५	६५						
सबै बालबालिकाको माध्यमिक तहसम्मको शिक्षामा पहुँच पुग्नुको साथै शिक्षाको गुणस्तरमा वृद्धि भएको हुने ।	कक्षा १ मा भर्नादर	प्रतिशत	९५.५३	९६	९७	९८	९८	गापा.शि.सा.प्रतिवेदन	गापा				
	आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर	प्रतिशत	९०	९२	९४	९५	९५	"	"				
	आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर	प्रतिशत	९६	९७	९७.५	९८	१००	"	"				
	आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर	प्रतिशत	९२.२१	९३	९५	९७	९९	"	"				

नतिजा	सूचक	ईकाइ	आधार वर्ष २०७७/७८	मध्यमकालिन लक्ष्य				पुष्ट्याईको आधार	जिम्मेवार निकाय	दीरल संकेत	दीविल सं	प्रससं	गपाससं
				२०७९/८०	२०८०/८१	२०८१/८२	अवधिको जम्मा लक्ष्य						
	आधारभूत तहमा विद्यालयमा जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका	प्रतिशत	४	३	२	१	१	"	"				
	माध्यमिक तह (कक्षा९-१२) मा खुद भर्ना दर	प्रतिशत	७१.१	७२	७५	९०	९५	"	"				
	विद्यालय शिक्षा (१–१२) मा शिक्षक विद्यार्थी अनुपात	अनुपात	२५	२४.५	२४	२३.५	२३	"	"				
ख.२. स्वास्थ्य													
गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच विस्तार भएको हुने	५ वर्ष मुनिका बाल मृत्यु दर प्रति हजार जिवित जन्ममा	दर	२	१	०	०	०	"	"				
	शिशु मृत्यु दर प्रति हजार जिवित जन्ममा	दर	३	२	१	०	०	"	"				
	नवजात शिशु मृत्यु दर प्रति हजार जिवित जन्ममा	दर	२	१	०	०	०	"	"				
	प्रति महिला प्रजनन दर	दर	२	–	–	२	२	"	"				
ख.३ खानेपानी तथा सरसफाई													
गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार भएको हुने ।	झाडापखालाका घटना (स्वास्थ्य संस्थामा भर्ना हुने बिरामीमध्ये झाडापखालाका बिरामीहरु)	प्रतिशत	–	१०	५	३	३	गापा प्रतिवेदन	गापाखापास.सा.				
	गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तारीत वडा	सख्या		३	४	१	८	गापा प्रतिवेदन	गापाखापास.सा.				
ख.४ महिला, बालवालिका तथा सामाजिक समावेशीकरण													
सामाजिक कुसंस्कार, कुरिति र अन्धविश्वास हटाई महिला र पुरुष बीच न्यायिक समानता कायम भएको हुने ।	महिला र पुरुषको सहभागिताको अनुपात प्रतिशत	प्रतिशत	७०	७७	८४	९१	९१	गा.पा.वा. प्रतिवेदन	गा.पा.				
	घर तथा सम्पत्तिमा महिलाको स्वामित्व भएको अनुपात	प्रतिशत	१७	२१	२५	२९	२९	"	"				
ख.५ कला, भाषा तथा सँस्कृति													
	संरक्षण तथा प्रवर्द्धन भएको स्थानीय भाषा	संख्या		२	२	२	२	गापा प्रतिवेदन	गापाखापास.सा.				

नतिजा	सूचक	ईकाइ	आधार वर्ष २०७७/७८	मध्यमकालिन लक्ष्य				पुष्ट्याईको आधार	जिम्मेवार निकाय	दीरल संकेत	दीविल सं	प्रससं	गपाससं
				२०७९/८०	२०८०/८१	२०८१/८२	अवधिको जम्मा लक्ष्य						
लोप हुन लागेका तथा अन्य भाषा संस्कृतिको पहिचान तथा संरक्षण भएको हुने ।	संरक्षण तथा प्रवर्द्धन भएको स्थानीय साँस्कृतिक परम्परा	संख्या		५	५	५	१५	गापा प्रतिवेदन	गापाखापास.सा.				
ख.६ युवा तथा खेलकुद													
युवा जनशक्ति गाउँपालिकाको सर्वाङ्गिण विकासमा मूलप्रवाहीकरण भएको हुने ।	रोजगारीमा नरहेका १५ देखि २४ वर्ष उमेर समूहका युवाहरू	प्रतिशत	६०	४०	३५	१०	१०	गापाप्र	गा.पा.				
	शिक्षामा नरहेका १५ देखि २४ उमेर समूहका युवा	प्रतिशत	४५	४२	३७	३५	३५	"	"				
ग. भौतिक पूर्वाधार													
ग.१ सडक तथा यातायात													
गुणस्तरीय बलियो सडकको निर्माण र व्यवस्थापन गरी सामाजिक र आर्थिक विकासमा नागरिकको पहुँच वृद्धि भएको हुने	पक्की सडकले जोडिएका वडा केन्द्र हरू	वटा	५	६	६	७	७	गापा प्रो.	गापा				
	सार्वजनिक यातायात भेट्न लाग्ने अधिकतम समय	मिनेट		३०	२०	२०	२०	गापा प्रो.	गापा				
	वर्षैभरी यातायात चल्न सक्ने सडकको अनुपात	प्रतिशत		१०	१२	१५	१५	गापा प्रो.	गापा				
	सार्वजनिक सवारी चल्ने सडकको लम्बाई	प्रतिशत		१०	१२	१५	१५	गापा प्रो.	गापा				
ग.२ भवन तथा आवास													
सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामग्रीमा आधारित भवन आवास तथा वस्ती भएको हुने	सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामग्रीमा आधारित भएर निर्माण भएका घरहरूमा वसोवास गर्ने घरपरिवार	प्रतिशत	२०	१०	१०	१०	५०	गापा वा प्रतिवेदन	गापा र भौपूविम				
	स्थानीय निर्माण सामग्रीको प्रयोग गरी निर्माण गरिएका घरहरू	प्रतिशत	१५	५	५	५	३०	"	"				
ग.३ सिंचाई													

नतिजा	सूचक	ईकाइ	आधार वर्ष २०७७/७८	मध्यमकालिन लक्ष्य				पुष्ट्याईको आधार	जिम्मेवार निकाय	दीरल संकेत	दीविल सं	प्रससं	गपाससं
				२०७९/८०	२०८०/८१	२०८१/८२	अवधिको जम्मा लक्ष्य						
गाउँपालिकाका मुख्य कृषियोग्य भूमीमा सिंचाई सुविधाको विकास र विस्तार भइ कृषि उत्पादनमा वृद्धि भएको हुने	सिंचाइ सुविधा भएको खेतियोग्य जमिन ।	प्रतिशत	२७	३०	३२	३३	३५	गापावाप्र	गापा				
	बाह्रै महिना सिंचाइ सुविधा भएको खेतियोग्य जमिन ।	प्रतिशत	१३	१५	२०	२२	२५	"	"				
ग.४ विद्युत तथा बैकल्पिक ऊर्जा													
जलविद्युत र नवीकरणीय उर्जाको उत्पादन र उपभोग द्वारा सामाजिक तथा आर्थिक विकासमा टेवा पुगेको हुने ।	गाउँपालिकाको कुल गार्हस्थ उत्पादनमा विद्युत, ग्याँस र पानीको योगदान ।	प्रतिशत	२	४	६	१०	१०	गापा लेखा शाखा	गापा				
	निर्माण गरिएका जलविद्युत, उर्जा (वैकल्पिक उर्जा र नविकरणीय उर्जा) आयोजनाको क्षमता	प्याकेज		२	१		३	गापावा प्रतिवेदन	गापा				
ग.५ सूचना तथा सञ्चार													
सूचना र सञ्चारको प्रविधिको प्रयोगबाट गाउँपालिकाका सम्पूर्ण बस्तीका नागरिकको दैनिक जीवन सहज बनाउन टेवा पुगेको हुनेछ ।	सूचना र सञ्चार प्रविधिको प्रयोगबाट दैनिक जीवन सहज भएका नागरिक ।	प्रतिशत	२०	२०	२०	२०	८०	गापाप्र.	गापा र नेटेक				
	सुरक्षित, भरपर्दो सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने नागरिक	प्रतिशत	२०	३५	५०	६५	६५	"	"				
घ. वातावरण तथा विपद् व्यवस्थापन													
घ.१ वन तथा हरियाली विकास													
वन तथा जलाधारिय श्रोतहरूको उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।	गाउँपालिकाको कुल क्षेत्रफलमा वन क्षेत्रले ढाकेको क्षेत्रफल	प्रतिशत	४०			४२	२	गाउँ वस्तुगत विवरण सर्वेक्षण प्रतिवेदन प्रगति/अनुगमन प्रतिवेदन	अनुगमन तथा सुपरिवेक्षण समिति वातावरण शाखा सम्वन्धित वन ईकाई				

नतिजा	सूचक	ईकाइ	आधार वर्ष २०७७/७८	मध्यमकालिन लक्ष्य				पुष्ट्याईको आधार	जिम्मेवार निकाय	दीरल संकेत	दीविल सं	प्रससं	गपाससं
				२०७९/८०	२०८०/८१	२०८१/८२	अवधिको जम्मा लक्ष्य						
	संकटापन्न अवस्थामा रहेका प्राणीका प्रजाती	संख्या	१५	१४	१२	१०	५						
	गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान	प्रतिशत	०.५	१	१.५	२.५	२						
घ.२ भू तथा जलाधार क्षेत्र बिकास													
जलाधार क्षेत्रको संरक्षण मार्फत माटो र पानीको संरक्षण भएको हुने ।	संरक्षित जलाधार क्षेत्र	ब.कि		५	१०	१२	२७	उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण	उपबामगप्र गापावाशा				
	संरक्षित पानी मुहान	संख्या		५	५	५	१५						
पानीका स्रोतहरू वृद्धि भएको हुने ।	पुनस्थापित पानीका स्रोतहरू	संख्या		५	५	५	१५	गापा प्रो.	गापा				
	पुनस्थापित खानेपानीको मुहानहरू	संख्या		५	५	५	१५						
	पुनस्थापित सिंचाइ मुहानहरू	संख्या		५	५	५	१५						
घ.३ जलवायु परिवर्तन व्यवस्थापन													
जलवायु परिवर्तनको असरबाट हुने क्षतिमा कमी आएको हुने	जलवायुको परिवर्तन असरबाट समायोजन हुन समानुकुल क्षमतामा वृद्धि जनसंख्या	प्रतिशत	१	५	७	१७	१६	उपबामगप्र प्रतिवेदन तथा गाउँ वस्तुगत विवरण	उपबामगप्र गापावाशा				
	क्षतिको परिमाण	रु. लाखमा		३०	२०	१०	१०	गापा प्रो.	गापा				
	जलवायु परिवर्तनको असरबाट प्रभावित हुने परिवार	प्रतिशत		२०	१५	१०	१०						
घ.४ वतावतरण संरक्षण तथा फोहरमैला व्यवस्थापन													
वातावरणीय स्वच्छता र हरियाली प्रवर्द्धन भएको हुने ।	प्लाष्टिक जस्ता फोहोरको उचित व्यवस्थापन भएका वस्तीहरू	संख्या		१०	१०	१०	३०	गापा प्रो.	गापा				
	फोहोर पानीको उचित व्यवस्थापन भएका वस्तीहरू	संख्या		१०	१०	१०	३०	गापा प्रो.	गापा				
फोहोरमैला समस्याको रुपमा नभएको हुने ।	फोहोरमैला मुक्त वडाहरू	संख्या		२	४	६	६	गापा प्रो.	गापा				
	फोहोरमैला व्यवस्थापनबाट भएको आम्दानी	रु हजारमा		१००	२००	३००	६००	गापा प्रो.	गापा				
घ.५ विपद व्यवस्थापन													

नतिजा	सूचक	ईकाइ	आधार वर्ष २०७७/७८	मध्यमकालिन लक्ष्य				पुष्ट्याईको आधार	जिम्मेवार निकाय	दीरल संकेत	दीविल सं	प्रससं	गपाससं
				२०७९/८०	२०८०/८१	२०८१/८२	अवधिको जम्मा लक्ष्य						
विपद् उत्थानशील समाज र अर्थतन्त्रको निर्माण भएको हुने ।	विपद्का घटनाबाट मृत्युहरू	संख्या	१३८ (२०७२ को भूकम्प)	०	०	३०	३०	गापा प्रतिवेदन	गापा				
	विपद्का संभाव्य जोखिम स्थानको पहिचान र लेखाजोखा	संख्या	०	१	०	०	१	गापा प्रतिवेदन	गापा				
	विपद् पूर्व तयारी तथा प्रतिकार्य तालिम	संख्या	०	२	२	२	६	गापा प्रतिवेदन	गापा				
जल उत्पन्न प्रकोपबाट हुने क्षतिमा कमी आएको हुने ।	जलउत्पन्न प्रकोपबाट भएको मानवीय क्षति प्रतिवर्ष	संख्या		६	४	२	२	गापा प्रो.	गापा				
	जलउत्पन्न प्रकोपबाट भएको आर्थिक क्षति	रु हजारमा		३,०००	२,०००	१,०००	१,०००	गापा प्रो.	गापा				
ङ. संस्थागत बिकास तथा सुशासन													
आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको गाउँपालिका हुने ।	आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, सुशासन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चितता कार्यक्रम सञ्चालन	प्याकेज		१	१	–	२	गापा.प्र.सा.प्रतिवेदन	गापा.प्र.सा.				
	सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम	पटक	३	३	३	३	९	”	”				
	संस्थागत सुदृढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको कार्यक्रम सञ्चालन	प्याकेज		१	१	१	३	”	”				
सार्वजनिक आय व्यय व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनि प्रभावकारि विकास प्रकृया भएको हुने	पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी नीति	संख्या	१	१	१	१	३	गापा प्रतिवेदन	गापा				
	अनुमानित राजस्वको तुलनामा यथार्य राजस्व संकलन	प्रतिशत	–	८०	८५	९०	९०	”	”				
	अनुमानित खर्चको तुलनामा यथार्थ खर्च	प्रतिशत	–	८०	८५	९०	९०	”	”				

स्रोत: प्रथम आवधिक विकास योजना (आ.व. २०७८/७९ – २०८०/८१) र विषयगत विवरण

२.४ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

गाउँपालिकाको खर्च अनुमान तथा स्रोत आँकलन देहाय गरिएको छ :

तालिका २.३ : त्रिबर्षिय बजेट विनियोजन र प्रक्षेपण (रु.हजारमा)

क्र.सं.	विवरण	गत आ.व. २०७७/७८ को यथार्थ	चालु आ.व. २०७८/७९ को संशोधित अनुमान	मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण			
				२०७९/८० को अनुमान	०८०/८१ को प्रक्षेपण	२०८१/८२ को प्रक्षेपण	तीन वर्षको कुल
१.	**खर्च अनुमान**						
	चालू	३७००७७	३६७०७८	३३३११७	३६६३६१.६	३९३२७६	१०९२७५४.३
	पूजिगत	२४६७१८	२४४७१८	२२२०७८	२४४२४१	२६२१८४	७२८५०२.८
	वित्तीय व्यवस्थापन	०	०	०	०	०	०
	कुल	**६१६७९७**	**६११७९७**	**५५५१९५**	**६१०६०३**	**६५५४६०**	**१८२१२५७.२१**
2	**संघीय सरकार वित्तीय हस्तान्तरण**	**४८९२९०**	**४५७२८६**	**५०४६११**	**५५३४८४**	**५९५८६३**	**१६५३९५७.९८**
	वित्तिय समानीकरण	१३८३००	१४३४००	१५१९००	१५७९७६	१६४२९५	४७४१७१.०४
	राजश्व वाडफांट	७२६२८.५	४६३३५.६८	१०१६११	११६८५२.७	१३४३८१	३५२८४४.१९
	समपूरक अनूदान	२००००	२०८००	०	१००००	१५०००	२५०००
	सशर्त अनूदान	२४८३६१	२४६७५०	२५११००	२६३६५५	२७६८३७.७५	७९१५९२.७५
	विशेष अनदूान	१००००	०	०	५०००	५३५०	१०३५०
3	**प्रदेश सरकार वित्तीय हस्तान्तरण**	**३९९६९**	**३३३५७**	**२५५८४**	**३२११९**	**३४४९६**	**९२१९९.२२**
	वित्तिय समानीकरण	१२४४३	१७६५८	१८७४५	१९८६९.७	२१०६१.९	५९६७६.५८
	राजश्व वाडफांट	६१५०	५६९९	६८३९	७२४९.३४	७६८४.३	२१७७२.६४
	समपुरक अनुदान	२१३७६	५०००	०	५०००	५७५०	१०७५०
	सशर्त अनूदान						०
	विशेष अनदूान		५०००				०
4	आन्तरिक ऋण						०
5	अन्य अनुदान (जि.स.स लगायत)	०	०	०			०
6	जासहभागिता						०
7	अन्तर स्थानीय तह साझेदारी						०
8	नगद मौज्दात (अ.ल्या.)	८०२०३	११२६५४	१५०००	१४०००	१३०००	४२०००
9	आन्तरिक आय	७३३५	८५००	१००००	११०००	१२१००	३३१००
	जम्मा	६१६७९७	६११७९७	५५५१९५	६१०६०३	६५५४६०	१८२१२५७.२१

२.५ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछि दुई आर्थिक वर्षको बजेट प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ :

क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ र ५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.४ : आवधिक योजनाको रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

क.सं.	रणनीतिक स्तम्भ	२०७८/७९ को अनुमान		२०७९/८० को प्रस्तावित		२०८०/८१ को प्रस्तावित		तीन वर्षको कुल	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत	कुल	प्रतिशत
१	आर्थिक बिकास	१२२,५३३.३	२२.०७	१३४,७६२.०	२२.०७	१४४,६६२.१	२२.०७	४०१,९५७.४	२२.०७
२	समाजिक बिकास	१३१,५३३.३	२३.६९	१४४,६६०.२	२३.६९	१५५,२८७.५	२३.६९	४३१,४८१.०	२३.६९
३	भौतिक पुर्वाधार बिकास	१८४,०३३.३	३३.१५	२०२,३९९.७	३३.१५	२१७,२६८.६	३३.१५	६०३,७०१.६	३३.१५
४	वन, वातावरण तथा विपद् व्यवस्थापन	११,०००	१.९८	१२,०९७.८	१.९८	१२,९८६.५	१.९८	३६,०८४.३	१.९८
५	सुशासन तथा संस्थागत क्षमता बिकास	१०६,०९५	१९.११	११६,६८३.२	१९.११	१२५,२५५.१	१९.११	३४८,०३३.३	१९.११
६	**जम्मा**	५५५,१९५	१००.००	६१०६०३	१००.००	६५५४६०	१००.००	१,८२१,२५८.०	१००.००

ख. दिगो बिकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो बिकास लक्ष्य बमोजिम आमी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५: दिगो बिकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

संकेत नम्बर	दिगो बिकासका लक्ष्यहरु	आयोजना/ कार्यक्रम संख्या	२०७९/८० को व्यय अनुमान		२०८०/८१ को खर्च प्रक्षेपण		२०८१/८२ को खर्च प्रक्षेपण	
			रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
१	गरिबीको अन्त्य	१२	३९७२३	७.२	४४३४०	७.३	४८३४०	७.४
२	शुन्य भोकमरी	१३	२२१०८	४.०	२२९५४	३.८	२४५६८	३.७
३	स्वस्थ्य जीवन	२०	९२०९७	१६.६	१०१०२४	१६.५	१०५६०१	१६.१
४	गुणस्तरीय शिक्षा	८	३९०१४	७.०	४२७९६	७.०	४५८०४	७.०
५	लैंगिक समानता	६	१०८७७	२.०	११९३१	२.०	१२७७०	१.९
६	सफा पानी र स्वच्छता	६	२१८७१	३.९	२३९९२	३.९	२५६७८	३.९
७	आधुनिक उर्जामा पहुँच	१	८२७५.७	१.५	९०७७.९	१.५	९७१६	१.५
८	समावेशी आर्थिक बृद्धि र मर्यादित काम	६	३०५०२	५.५	३३४५८	५.५	३५९५६	५.५
९	उद्योग, नविन खोज र पूर्वाधार	२३	२०१४५४	३६.३	२२२३९६	३६.४	२४२६८६	३७.०
१०	असमानता न्यूनीकरण	६	५६७४.८	१.०	६२२४.८	१.०	६६६२.४	१.०
११	दीगो शहर र समुदाय	७	१६६७०	३.०	१७८७३	२.९	१८२८०	२.८
१२	दीगो उपभोग र उत्पादन	३	८२७५.७	१.५	९०७७.९	१.५	९७१६	१.५
१३	जलबायु परिवर्तन अनुकुलन	५	१९५०७	३.५	२१९८७	३.६	२३५३३	३.६
१५	जमीन माथिको जीवन	५	१२०५९	२.२	१३८१७	२.३	१४७८८	२.३
१६	शान्ति तथा न्यायपूर्ण र सशक्त समाज	१९	२७०८८	४.९	२९६५४	४.९	३१३६१	४.८
१७	दीगो बिकासका लागि साझेदारी	३	२८३७.४	०.५	३११२.४	०.५	३३३१.२	०.५
	जम्मा	**१४३**	**५५५१९५**	१००.०	**६१०६०३**	१००.०	**६५५४५९**	१००.०

घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६: लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. लाखमा)

लैंगिक संकेत	आयोजना/ कार्यक्रम संख्या	२०७९/८० को व्यय अनुमान		२०८०/८१ को खर्च प्रक्षेपण		२०८१/८२ को खर्च प्रक्षेपण	
		रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
प्रत्यक्ष लाभ	३५	७६२५५	१३.७	८३३५१	१५.०	८७,९४९	१५.८
अप्रत्यक्ष लाभ	८१	३१४६०९	५६.७	३४५६३५	६२.३	३७०,६१६	६६.८
तटस्थ	२७	१६४३३२	२९.६	१८१६१७	२९.७	१९६,८९५	३०.०
जम्मा	**१४३**	**५५५१९५**	१००.०	**६१०६०३**	१००.०	**६५५,४५९**	१००.०

२.६ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २.८ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)

विषय क्षेत्र	२०७९/८० को व्यय अनुमान				२०८०/८१ को खर्च प्रक्षेपण				२०८१/८२ को खर्च प्रक्षेपण			
	कूल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	कूल	चालु	पुँजीगत	वित्तीय व्यवस्था	कूल	चालु	पुँजीगत	वित्तीय व्यवस्था
आर्थिक बिकास	१२२,५३३	७३,५२०	४९,०१३		१३४,७६२	८०,८५७	५३,९०५		१४४,६६२	८६,७९७	५७,८६५	
समाजिक बिकास	१३१,५३३	७८,९२०	५२,६१३		१४४,६६०	८६,७९६	५७,८६४		१५५,२८७	९३,१७२	६२,११५	
भौतिक पुर्वाधार बिकास	१८४,०३३	११०,४२०	७३,६१३		२०२,४००	१२१,४४०	८०,९६०		२१७,२६९	१३०,३६१	८६,९०७	
वन, वातावरण तथा विपद् व्यवस्थापन	११,०००	६,६००	४,४००		१२,०९८	७,२५९	४,८३९		१२,९८७	७,७९२	५,१९५	
सुशासन तथा संस्थागत क्षमता बिकास	१०६,०९५	६३,६५७	४२,४३८		११६,६८३	७०,०१०	४६,६७३		१२५,२५५	७५,१५३	५०,१०२	
जम्मा	५५५,१९५	३३३,११७	२२२,०७८		६१०,६०३	३६६,३६२	२४४,२४१		६५५,४६०	३९३,२७६	२६२,१८४	

आर्थिक वर्ष २०७८/७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।

परिच्छेद ३
आर्थिक बिकास

३.१ पृष्ठभूमि

बारपाक सुलिकोट गाउँपालिका घ्याम्पेसाल हुदै मध्यपहाडी लोकमार्ग र लाकुरीबोट चनौटे हुदै दरौदी करिडोरसँग जोडिनुका साथै यहाँको सवै वडाहरुमा सडक सञ्जाल पुगेकोले यहाँ कृषि, नगदे बाली, आधुनिक तरकारी खेती, पशुपालन, साना तथा घरेलु उद्योग बिकास र पर्यटन क्षेत्रको बिकासको लागि ज्यादै सम्भावना देखिन्छ । सन्तुलित बिकासको लागि कृषिमा औधोगीकरण, उद्योग व्यावसाय, पर्यटन र प्रवर्द्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एवं सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यस गाउँपालिकाको सन्दर्भमा गाउँपालिकाको भूउपयोग क्षेत्र तथा योजना तयार गरी सो अनुसार आर्थिक बिकास योजनाबद्ध बिकासको लागि यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदमसहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

३.२ विद्यमान अवस्था, संभावना तथा अवसर

- बाझौं जमिनमा खेती गर्ने कृषकलाई प्रोत्साहन अनुदान प्रति रोपनी बाझौं जमिन खेती गरे) ३००० बापत रु) कार्यक्रम अन्तर्गत चालु आ२०७८ .व ./७९ मा थप २५२ रोपनी गरी जम्मा ९०४ रोपनी बाझौं जमिनमा खेती भएको छ ।
- साना सिंचाई कार्यक्रम मार्फत आ२०७८ .व ./७९ मा गाउँपालिका भित्र कुल २० घरधुरी प्रत्यक्षरुपमा लाभान्वित भएका छन् भने जम्मा ३०० रोपनी खेतियोग्य जमिनमा सिंचाइको सुविधा थप भएको छ ।
- चालु आ२०७८ .व ./०७९ मा भकारो सुधार कार्यक्रम मार्फत ३३ घरधुरी र बेमौसमी तरकारी खेती प्रोत्साहनका लागि प्लाष्टिक टनेल बितरण कार्यक्रम मार्फत ६० घरधुरी प्रत्यक्षरुपमा लावान्वित भएका छन् ।
- त्यसरी नै रैथाने वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत करिव ६०० क्विन्टल कोदोको बिऊ साथै १९ वटा मिनि टिलर बितरण गरिएको छ भने चालु आमै साना व्यवसायिक उत्पादन .व . क्षेत्र (तरकारी र एभोकाडो पकेट) वटा पकेट २ सञ्चालन कार्यक्रम अन्तर्गत (पकेट) केन्द्र घरधुरी प्रत्यक्षरुपमा लाभान्वित हुनुका साथै कन्ये च्याउको बिऊ ६० लन गरीसञ्चावितरण कार्यक्रम मार्फत १०० जना कृषकहरु लावान्वित भएका छन् ।
- बाखाको साना व्यवसायिक उत्पादन केन्द्र पकेट बिकास कार्यक्रम निरन्तरता भएको छ यस अन्तर्गत वडा नं ७ मा पकेट कार्यक्रम सञ्चालन भएको र उक्त कार्यक्रमबाट ५० कृषक लाभान्वित भएका छन् भने प्रजनन्को लागि उन्नत नश्लका बाखाहरुको उत्पादन बढेको छ ।
- अघिल्लो वर्षको लागत साझेदारीमा बाखा प्रवद्र्धन कार्यक्रमबाट ७० कृषकले निरन्तरता पाएको र त्यसबाट लाभान्वित हुनुका साथै उक्त कार्यक्रमबाट उत्पादन भएको उन्नत नश्लका पाठापाठीलाई बजारीकरण गर्नको लागि पशुपन्छी संकलन केन्द्र स्थापना भएको छ । त्यसबाट आफ्नो उत्पादनको उचित मुल्य प्राप्त गरी कृषकको आयआर्जनमा बृद्धि भएको छ ।

- मासु मिसन अन्तर्गत बाखा प्रवद्र्धन कार्यक्रममा ७० वटा बाखाको घुम्ति गोठमा यान्त्रीकरण सहयोग मार्फत सवै वडाका २२ वटा कृषक समुहका सदस्यहरु र १५ वटा व्यवसायिक फर्महरु लाभान्वित भई बाखा प्रजन्न केन्द्र स्थापनामा सहयोग पुगेको छ ।
- निशुल्क पशुधन बिमा कार्यक्रमबाट ३,३०० बाखा र ४८० भंैसी बिमाको दायरामा आएको र यसले पशुपन्छी फर्मको व्यवसायिक जोखिमकलाई न्यूनीकरण गराई कृषकलाई क्षतिबाट राहत मिलेको छ ।
- पशु फर्म लक्षित यान्त्रिकरण (च्यापकटर), निशुल्क औषधी उपचार तथा डाले घासका बिउ र बिरुवा वितरणबाट कृषकको व्यवसाय प्रवद्र्धनमा टेवा पुग्नुका साथै कृषकहरु व्यवसायिक बन्न सहयोग पुगेको छ ।

३.३ समस्या र चूनौति

जग्गाको खण्डीकरण र जग्गा बाँझो राख्ने प्रवृत्ति बढ्दै जाँदा खेतीयोग्य जमिन घट्दै जानु, कृषि क्षेत्रका लागि आवश्यक मल र उन्नत बीऊ विजनको प्रयोगका कमीको कारण उत्पादनमा ह्रास हँुदै जानु, कृषि पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्नु, युवावर्ग कृषि पेशामा आकर्षित नभई विदेश पलायन हुनु, हावा पानीको विविधता तथा भौगोलिक जटिलता हुनु, कृषि ज्ञानमा कमी हुनु, आवश्यक मात्रामा नीजि क्षेत्रको लगानी हुन नसक्नु, कृषि उत्पादनको मूल्य बिचौलियाको हातमा जानु र किसानले उचित मूल्य नपाउनु, प्रविधि विकास तथा यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु, जलवायु परिवर्तनको असरका कारण वालीहरूमा नयाँ रोग तथा किराहरू देखा पर्नु, पर्याप्त मल, गुणस्तरीय विऊ, सिंचाई, कृषि सामग्री आदीको माग अनुसार ठिक समय, मुल्य र स्थानमा सहज तरीकाले उपलब्ध हुन नसक्नु, आवश्यक शीतभण्डार र अन्न भण्डारको व्यवस्था हुन नसक्नु, कृषि प्रसार सेवा, कृषि सुचना, कृषि बीमा, कृषि ऋण जस्ता कार्यक्रमहरू ग्रामीण कृषकहरूको सहज पहुँचमा पुग्न नसक्नु, कृषि उत्पादनलाई मुल्य श्रृङ्खलासँग तथा कृषि उद्योगसँग जोड्न नसक्दा बजारीकरणमा समस्या हुनु, असिना, हावाहुरी तथा जंगली जनावरहरूबाट खेतीपातीमा क्षति हुने गरेको, कृषियोग्य भूमिहरू पहिरो तथा भूकम्पको जोखिममा रहेको, विपद्को जोखिममा रहेका सामुदायिक समूह वा कमजोर समूहहरूको जिविकोपार्जनको लागि सहयोगको कमी आदि यस क्षेत्रका समस्याहरू हुन् ।

युवा जनशक्तिलाई वर्षेनी विदेश पलायन हुनबाट रोकेर पशु, पंछी, मत्स्यपालन व्यवसायलाई उत्पादनमूलक र मर्यादित बनाउन, पशु बीमा कार्यक्रमहरूलाई कृषकहरूमा सहज तवरले पुऱ्याउन, बाघ तथा अन्य वन्यजन्तुहरूको आक्रमणबाट जोगाउन, कृषकहरूले आफ्नो परम्परागत शैलिलाई सुधार गरी आधुनिक प्रणालीबाट पशु, पंछी, मत्स्यपालन पेशालाई व्यवसायीकरण गर्न, पशु, पंछी र मत्स्यपालन पेशालाई आधुनिकीकरण, प्रतिस्पर्धी, व्यवसायिक, नाफामूलक र सम्मानित पेशाको रूपमा स्थापित गर्न यस क्षेत्रका चुनौतीहरू हुन् ।

३.४ विषय क्षेत्र लक्ष्य, उद्देश्य र रणनीति

३.४.१ लक्ष्य

आवधिक योजना अनुसार गाउँपालिकाको आर्थिक बिकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- खाद्य उत्पादनमा वृद्धि बारपाक सुलिकोट गाउँपालिकाको समृद्धि हुने

कृषि क्षेत्रको लक्ष्य

- कृषिमा आधुनिकीकरण र व्यवसायीकरण गरी उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भरता बढाउने ।

३.४.२ उद्देश्य

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्नु ।
२. कृषि क्षेत्रको विशिष्टीकरण, बजारीकरण मार्फत दिगो एवं व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. कृषि व्यवसायलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउनु ।
४. कृषि क्षेत्रमा वन्यजन्तु, असिना, हावाहुरी तथा बाढीपहिरो जस्ता घटनाहरूबाट हुने क्षति कम गर्नु ।
५. विपद्का कारण क्षति भएका कृषि सम्बन्धी संरचना र जमिनको "अझ राम्रो र बलियो निर्माण" अवधारणा अनुसार पुनर्लाभ गर्नु ।

३.४.३ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बर गरिनेछ :

उद्देश्य १ : कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर गाउँपालिकाको जग तयार गर्ने ।
१.१ भूमीको वैज्ञानिक व्यवस्थापन तथा चक्लाबन्दी, कृषकको वर्गीकरण गरी कृषिमा अनुदानको व्यवस्था गर्ने ।
१.२ प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
१.३ गाउँपालिकाका खेतियोग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउने ।
१.४. कृषि क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको लगानी अभिवृद्धि गरी निर्यात प्रबर्द्धन गर्ने ।

उद्देश्य २ : कृषि क्षेत्रको विशिष्टीकरण, बजारीकरण मार्फत दिगो एवं व्यवसायिक प्रणलीमा रुपान्तरण गर्ने ।
२.१ तुलनात्मक लागत लाभ हुनसक्ने बाली, पशुपंक्षीजन्य वस्तुहरूको व्यवसायीकरण सहित खाद्य सुरक्षाको सुनिश्चित गर्ने ।

उद्देश्य ३ : कृषि उत्पादनलाई वातावरणमैत्री, प्रविधियुक्त, पर्यटनसँग जोड्दै परिणाममुखी र प्रतिस्पर्धी बनाउने ।
३.१ वातावरण मैत्री प्रविधि, वित्तीय सहयोग, बजारीकरण, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु ।
उद्देश्य ४ : कृषि क्षेत्रमा वन्यजन्तु, असिना, हावाहुरी तथा बाढीपहिरो जस्ता घटनाहरूबाट हुने क्षति कम गर्नु ।
४.१ विपद् प्रतिरोधी कृषि अभ्यासको प्रवर्द्धन गर्ने ।
उद्देश्य ५ : विपद्का कारण क्षति भएका कृषि सम्बन्धी संरचना र जमिनका "अझ राम्रो बनाउने" अवधारणा अनुसार पुनर्लाभ गर्नु ।
५.१ भूकम्प र पहिरोवाट क्षति भएका कृषि जमिन तथा अन्य पूर्वाधारको "अझ राम्रो बनाउने" पुनर्लाभ गर्ने ।

३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक बिकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत छ :

तालिका ३.१. : आर्थिक क्षेत्र बिकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	ईकाइ	आधार बर्ष २०७७/७८	मध्यमकालीन लक्ष्य		
			२०७९/ ८०	२०८०/ ८१	२०८१/ ८२
गाउँपालिकाको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान	प्रतिशत	२६.३	२६.८	२७.८	३०
व्यवसायिक कृषि फर्म	सख्या	-	१०	१५	२०
कृषि क्षेत्रबाट स्वरोजगार जनसंख्या	प्रतिशत	१	५	७	८
मुख्य कृषिवालीको उत्पादकत्व -धान, मकै, कोदो, गहुँ) मे.ट./हे	मे.ट.	३.२	३.४	३.६	३.९
तेलहन वालीको उत्पादकत्व	मे.ट.	१.२	१.३	१.५	१.८
आलुको उत्पादकत्व	मे.ट.	४.६	५	५.५	७
प्रतिव्यक्ति खाद्यान्न उत्पादन	कि.ग्रा.	१६५	१७०	१८५	२१०
केरा, सुन्तला अम्बा, कफि, अलैचीको उत्पादकत्व	मे.ट.	१	१.३	१.६	२
चक्लाबन्दी भएको जग्गाको क्षेत्रफल	हे.	०	१०	१५	२०

सूचक	ईकाइ	आधार बर्ष २०७७/७८	मध्यमकालीन लक्ष्य		
			२०७९/ ८०	२०८०/ ८१	२०८१/ ८२
बाँझो जग्गामा पुन खेती गरिएको क्षेत्रफल	हे.	५	१५	२०	२५
कुल कृषि भूमी मध्ये वाली लगाइएको क्षेत्रफल	हे	६५	६७	७५	८५
कृषक बर्गीकरण भई परिचय पत्र प्राप्त कृषक	संख्या	०	५००	७००	९००
कृषि अनुदान प्राप्त गर्ने व्यवसायिक कृषक	संख्या	१५	५०	६०	१००
कृषि अनुदान प्राप्त गर्ने साना कृषक	संख्या	५०	१५०	२००	३५०
कृषि अनुदान रकम (रु हजारमा)	रु.	२६००	३०००	३५००	५०००
खाद्यवालीको पकेट क्षेत्रको क्षेत्रफल	हे.	१००	११०	१५०	२५०
तरकारी बालीको पकेट	संख्या	२	५	८	२४
हाइटेक टनेल	संख्या	०	१	५	१५
कफि, सुन्तला, अलैची, पकेट कार्यक्रम	संख्या	०	१	३	५
आलु खेतीको क्षेत्र विस्तार	हे.	३०	४०	५०	६०
कृषि सम्बन्धी तथ्याङ्कको संकलन र व्यवस्थापन	पटक	०	१	१	१
भूउपयोग योजना तयार	संख्या	०	–	१	–
कृषि क्षेत्रको दीर्घकालीन योजना तयार	संख्या	०	१	–	–
किसान मैत्री ऐन, नियम र कार्यविधि तयार	संख्या	०	१	–	–
कृषि उपज संकलन केन्द्र	संख्या	५	७	९	१६
कोल्ड स्टोर	संख्या	०	१	२	३
माटो परीक्षण भएको वडा	थप संख्या	०	३	३	२
बाली पकेट क्षेत्रको लागि अध्ययन	संख्या	०	३	५	७
किसानसँग विज्ञको परामर्श	थप संख्या	०	१	१	१
कृषि विमामा आवद्ध कृषक	संख्या		५०	७०	८०
बाँदर तथा अन्य जंगली जनावर व्यवस्थापनको लागि कार्यक्रमले समेटेको क्षेत्र वडा संख्या	संख्या	०	३	५	८
सुलभ कृषि कर्जा प्राप्त कृषक	संख्या	५०	१००	२५०	९००
१२ महिना नै सिंचाइ हुने क्षेत्रफल	हे	५०	६५	७५	९०
प्लाष्टिक पोखरी	संख्या	०	५	१५	१५
लिफ्ट सिंचाइ योजना	संख्या	०	–	१	२
नयाँ प्रविधिमा आधारित तथा साना सिंचाई योजनाले सिंचित क्षेत्रफल	हे.	०	१	२	३
कृषि सडकले जोडिएका कृषि पकेट क्षेत्रहरू	संख्या	१५	२५	३५	४०
कृषिमा कुल लगानीको ७० प्रतिशत लगानी गर्ने शहकारी संख्या	संख्या	०	०	०	२
कृषि क्षेत्रमा प्रत्यक्ष लागनी गर्ने सहकारी	संख्या	०	१	२	३
उच्चलाभ दिने तरकारी बालीको क्षेत्रफल	हे.	२	५	७	९
उच्च लाभ दिने फलफुल तथा मसलाबाली (केरा, सुन्तला, कफि, अलैची, अदुवा, बेसार) को क्षेत्रफल	हे.	५	१०	१६	२१
मुल्य श्रृंखला सम्बन्धी तालिम प्राप्त कृषक	संख्या	५	३०	५०	१००
मूल्य श्रृंखलामा जोडिएका कृषक	संख्या	०	३०	५०	१००
कृषिमा यान्त्रिकीकरणको प्रयोग गर्ने कृषक	संख्या	५०	१००	१५०	२००
३० मिनेटको दुरीमा कृषि उपज विक्रीका लागि संकलन केन्द्र सम्म पहुँच पुगेका कृषक	प्रतिशत	१०	२५	५०	८०
कृषि पेशामा संलग्न जनसंख्या	प्रतिशत	३२.२	३२	३१	३१
कृषिमा आधारित उद्योग	संख्या	०	–	१	२
व्यवसायिक कृषि प्रतिष्ठानबाट रोजगारी सिर्जना	संख्या	५०	१५०	२००	४००
अध्यक्षसँग युवा कार्यक्रममा संलग्न युवा व्यावसायी	संख्या	०	१००	१६०	२५०
प्रधानमन्त्री कृषि परियोजना तथा मुख्यमन्त्री नमुना कृषि गाउँ कार्यक्रम बाट सहयोग प्राप्त युवा	संख्या	०	१०	२१	२५
कृषक र पर्यटन व्यवसायी बीच भएका सम्झौता	संख्या	०	५	१५	५५
खेतबारीको खनजोतमा बैज्ञानिक प्रणालीको अवलम्बन सम्बन्धी	पटक	०	१	२	३

सूचक	ईकाइ	आधार बर्ष २०७७/७८	मध्यमकालीन लक्ष्य		
			२०७९/ ८०	२०८०/ ८१	२०८१/ ८२
तालिम (scientific farm manjgement training)					
व्यवसायिक प्रांगारिक खेती गर्ने कृषक	संख्या	०	५	१०	२५
आवश्यक मात्रामा खेतबारीमा प्रांगारिक मल मात्र प्रयोग गर्ने कृषक	संख्या	५५	१५०	२००	२५०
प्रांगारिक कृषि गर्नका लागि IPM तालिम सञ्चालन	पटक	०	२	५	७
विपद्का घटनाबाट कृषि क्षेत्रमा भएको क्षतिको वार्षिक परिमाण	रु १० लाखमा	१०	७.५	५	२.५
विपद्का घटनाबाट कृषि उपजको क्षतिको वार्षिक परिमाण	रु लाखमा	५	४	३	२
विपद् पछि कृषि व्यवसाय पुनर्जिवित गर्न पारस्परिक सहायताका लागि गठन भएका सामुदायिक सञ्जालहरू	वटा		२	२	२
"अझ राम्रो र बलियो निर्माण" अवधारणा अनुसार निर्माण भएका कृषि सम्बन्धी संरचनाहरू	वटा		१०	१०	१०
"अझ राम्रो र बलियो निर्माण" अवधारणा अनुसार निर्माण् भएका पशु सम्बन्धी संरचनाहरू	वटा		१०	१०	१०

३.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक बिकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

तालिका ३.२ : आर्थिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट तथा खर्च अनुमान (रु.हजारमा)				खर्चको स्रोत (रु. हजारमा)		
	कुल	चालु	पुँजिगत	वित्तीय व्यवस्था	आन्तरिक श्रोत	नेपाल सरकार	प्रदेश सरकार
२०७९/८०	१२२,५३३.३	७३,५२०	४९,०१३	०	५,५१८	१११,३६९	५,६४६
२०८०/८१	१३४,७६२	८०,८५७.२	५३,९०४.८	०	५,५१८	१२२,१५६	७,०८९
२०८१/८२	१४४,६६२	८६,७९७	५७,८६५	०	५,५४०	१३१,५०९	७,६१३
जम्मा	४०१,९५७.३	२४१,१७४.२	१६०,७८२.८	०	१६,५७५	३६५,०३४	२०,३४९

३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक बिकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएकोछ ।

१. खाद्यान्नबालीको उत्पादन प्रवर्द्धन कार्यक्रम ।
२. बढी लाभ दिने र छिटो तयार हुने नगदे वालीहरू, तरकारी, आलु, गोलभेंडा, अलैंची, कफि, अमिलो जातका फलफूल र अम्बा खेती प्रबर्द्धन कार्यक्रम ।
३. कृषि व्यवसायलाई परिणाममुखी तथा उत्पादन र उत्पादकत्व वृद्धिका लागि जग्गाको चक्लाबन्दी गर्ने र स्थान विषेशमा कृषि बालीको पकेट क्षेत्र घोषणा कार्यक्रम ।
४. प्राकृतिक विपद्का घटनाहरूबाट बालीनाली पशुपंक्षीको संरक्षणको लागि बिमा कार्यक्रम ।
५. भूकम्प तथा पहिरोहरूबाट क्षति भएका पशुगोठहरूको पुनर्निर्माण ।
६ भूकम्प, पहिरो तथा बाढीबाट क्षति भएका सिंचाई प्रणालीहरूको पुनर्निर्माण ।
७. खेतीयोग्य जमिन सुधार कार्यक्रम ।

तालिका ३.६ : कृषि तथा खाद्य सुरक्षाको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

क.सं.	संकेत नं	कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजना/ कार्यक्रमको अवधि (शुरु र समाप्ती)	अनुमानित लागत (रु. हजारमा)	पुष्ट्याई	आगामी ३ वर्षको उपलब्धी सूचक
१	क	जग्गा चक्लाबन्दी नीति तथा कार्यविधि तयार	संख्या	१	१००	स्थानीय गौरवको आयोजनामा समाबेस	गापामा तरकारी उत्पादन हुने क्षेत्र निधारण भई तरकारी उत्पादनमा बृद्धि भई निर्यात बढ्ने छ ।
२	क	गाउँपालिकाको भूउपयोग योजना तयार र कार्यान्वयन	संख्या	१	१२००		
३	क	भूमिहिन तथा व्यवसायिक कृषकका लागि जग्गा व्यवस्थापन आयोजना	हे.	१७	१८७००		
४	कख	कृषकको वर्गीकरण गरी परिचयपत्र वितरण	संख्या	२७००	७५००		
५	कखग	ब्याबसायिक कृषक अनुदान	संख्या	४६०	१०२००		
६	क	मोडेल फार्म अध्ययन सञ्चालन र व्यवस्थापन	संख्या	२१	६७००		
७	कखग	कृषकका लागि असिना जाली तथा हाइटेक टनेल निर्माणमा ५० प्रतिशत अनुदान	संख्या	२५०	५४००		
८	क	अध्यक्षसँग युवा कार्यक्रम	संख्या	१५०	१३५००		
९	क	गाउँपालिकाको कृषि क्षेत्रको दीर्घकालीन योजना तयार र लागु	संख्या	१	७००		
१०	कखग	कृषक तालिम	संख्या	४००	१२००		
११	क	उच्च उत्पादन दिने बिऊ उत्पादन कार्यक्रम	क्वी.	३.५	९५०		
१२	क	बाँदर तथा अन्य जंगली जनवार व्यवस्थापन	नियमित		४५००		
१३	क	कृषि कर्जामा अनुदान	जना		४२५०		
१४	कख	सबै वडामा माटो परीक्षण			४२००		
१५	क	कृषक सँग विज्ञ कार्यक्रम	पटक	६	१५०		
१६	कख	कृषि वस्तु भण्डारण तथा प्रशोधन केन्द्रको निर्माण	संख्या	३	१६५००		
१७	कखग	कृषि उपकरणमा ५० प्रतिशत अनुदान	जना	११०	४७००		
१८	कख	कृषिमा आधारित उद्योग स्थापना (कृषि शहकारी)	संख्या	२	५०००		
१९	कखग	किटनासक औषधी, उन्नत जातको बिऊ तथा मल अनुदान			५०००		
२०	कखग	तरकारी पकेट क्षेत्र विस्तार कार्यक्रम	हे.	४०	५०००		
२१	क	आलु पकेट विस्तार	हे	८०	०		
२२	कखग	फलफुल खेति विस्तार (सुन्तला कागती, नास्पती अम्बा, केरा)	हे	११	१५००		
२३	क	मसलावाली विस्तार	हे	९	१२००		
२४	क	कृषि विमा कार्यक्रम	संख्या	१०००	४४००		

क.सं.	संकेत नं	कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजना/ कार्यक्रमको अवधि (शुरु र समाप्ती)	अनुमानित लागत (रु. हजारमा)	पुष्ट्याई	आगामी ३ वर्षको उपलब्धी सूचक
२५	कखग	सतही सिंचाई विस्तार	हे	११५	२७०००		
२६	कख	लिफ्ट सिंचाइ	हे	१५	६२००		
२७	कख	बर्षेपानी संकलन प्लाष्टिक पोखरी तथा टयांकी निर्माण	संख्या	४५	२२५०		
२८	कख	थोपा सिंचाई	संख्या	१७५	९,५००		
२९	क	कृषि व्यवसाय सञ्चालन गर्ने शहकारीलाइ अनुदान	संख्या		३,०००		
३०	क	गाउँपालिका, निजि क्षेत्र तथा स्थानीय नागरिकको संयुक्त लगानीमा कृषि मोडेल फार्म सञ्चालन (PPP Model)	संख्या	३	७,५००		
३१	क	उन्नत प्रविधि अवलोकन भ्रमण	पटक	३	१,०५०		
३२	क	कृषि व्यवसायमा उत्कृष्ट कृषक, शहकारी तथा व्यवसायिक समूहलाइ पुरस्कारको वितरण	पटक	३	६००		
३३	क	प्रांगारिक खेती प्रोत्साहन कार्यक्रम	पटक	३	०		
३४	कख	प्रांगारिक कृषि उपजको प्रशोधन तथा बजारीकरण	नियमित		९००		
३५	क	खाद्यवाली, तरकारी तथा दलहन वालीको स्थानीय जातको संरक्षण कार्यक्रम	नियमित		१,५००		
३६	क	जलवायु परिवर्तन र अनुकुलनका उपाय सम्बन्धी कार्यशाला सञ्चालन	पटक		९००		
३६	क	कृषि ज्ञान तथा सूचना केन्द्रको स्थापना र सञ्चालन	संख्या	१	२,५००		
३८	क	कृषि तथा पशु अध्ययन शिक्षालयलाई अनुदान	पटक		५,५००		
३९	कखग	कृषिमा यान्त्रीकीकरणको लागि कृषकलाई आधुनिक कृषि उपकरण अनुदान	जना		४,५००		
४०		कार्यनीति नं ३.१.२ मा उल्लेखित कार्यक्रमले समेट्ने			०		
४१	कख	प्लाष्टिक टनेल वितरण	वटा		३,०००		
४२	कख	थोपा सिंचाई कार्यक्रम सञ्चालन	वटा		३,०००		
४३	कख	आकाशे पानी संकलन कार्यक्रम सञ्चालन	वटा		३,०००		
४४	कखग	रिचार्ज पोखरी निर्माण	वटा		३,०००		
४५	कखग	असिनाबाट पशुहरू बचाउन सुरक्षित भेडीगोठ निर्माण	वटा		३,०००		
४६	क	बांदर, चितुवा र बाघ नियन्त्रण कार्यक्रम सञ्चालन	वटा		१,५००		
४७	क	कम पानीमा हुन सक्ने विउ विजनहरूको वितरण			३००		
४८	क	रासायनिक मलको ढुवानीमा अनुदान			३००		
४९	क	कृषि उत्पादन ढुवानी अनुदान			३००		
५०	क	भूकम्पबाट क्षति भएको कृषियोग्य जमिन सुधार कार्यक्रम	एकमुष्ट		३,०००		

क.सं.	संकेत नं	कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजना/ कार्यक्रमको अवधि (शुरु र समाप्ती)	अनुमानित लागत (रु. हजारमा)	पुष्ट्याई	आगामी ३ वर्षको उपलब्धी सूचक
५१	क	कृषिसँग सम्बन्धीत संघसंस्थाहरू (कृषि, पशुपालन, सहकारी, डेरी आदि) को लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम सञ्चालन महिला तथा लक्षित समूहरूको आर्थिक र सामाजिक क्षेत्रको सुधारका लागि सिप विकास तालिम सञ्चालन	वटा		१,५००		
५२	क	तितेपाती खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन	वटा		९००		
		जम्मा			**२,१८,२५०**		

३.८ जोखिम पक्ष तथा अनुमान

आवधिक योजनामा प्रस्तावित कार्यक्रमको लागि अनुमनित बजेट धेरै र यथार्थ बजेट अत्याधिक कम भएको हुनाले आवधिक योजनामा भएका आयोजनाहरुको कार्यान्वयन गर्न नेतृत्वले धेरै नै मेहनत गर्नु पर्ने देखिन्छ । संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ । यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन् ।

परिच्छेद ४

सामाजिक बिकास योजना

४.१ पृष्ठभूमि

औषत ७५.८९ प्रतिशत नागरिक साक्षर रहेको छ । भौतिक पूर्बाधारको दृष्टिकोणले विद्यालयहरु सम्पन्न रहेका विद्यालयहरुमा विद्यालयहरुमा विद्यार्थीहरुको संख्या कम देखिन्छ । त्यसैगरी सहज तथा सुलभ स्वास्थ्य सेवाको पहुँच १० वटा वडामा विस्तार गनुपर्ने गाउँपाकिाको प्राथमिकतामा रहेको । नेतृत्वदाही भुमिका तथा पारिवारिक निर्णय प्रत्रियामा अर्थपुण महिलाको सहभागिता, वालमैत्रि तथा अपांगमैत्री भौतिक संरचना, जेष्ठ नागरिकमुखी योजना तयार गरी गाउँपालिका योजनाबद्ध बिकासमा अगाडी बढुनुपर्ने आवश्यकता रहेको छ ।

४.२ विद्यमान अवस्था, संभावना तथा अवसर

शिक्षा

राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६१.६१ प्रतिशत देखिन्छ भने घरधुरी सर्वेक्षण २०७६ अनुसार ७५.८९ प्रतिशत देखिन्छ । यसलाइ तुलनात्मक तवरले हेर्दा १४.२८ प्रतिशतले साक्षरता दरमा वृद्धि भएको देखिएता पनि अझै २४.१ प्रतिशत निरक्षर छन् । जसमध्ये १४.३ प्रतिशत महिला निरक्षर छन् भने ९.८ प्रतिशत पुरुष । यस तथ्याङ्कको आँकडा हेर्दा महिला साक्षरताको अवस्था पुरुषको भन्दा धेरै कम देखिन्छ । लैङ्गिक हिसाबले यो गाउँपालिकामा पनि विभेद रहेको पाईन्छ । सर्वाङ्गीण सामाजिक विकासको महत्वपूर्ण सारथिको रुपमा शिक्षालाई लिइन्छ । "समृद्ध बारपाक सुलिकोट निर्माणको आधार:दीगो कृषि, पर्यटन र सुरक्षित पूर्वाधार"को लक्ष्य हाँसील गर्न शिक्षा क्षेत्रको नै महत्वपूर्ण भूमिका रहन्छ । गाँउपालिकाको दीगो विकास गर्न जनतामा स्वशासन साथै नागरिक अधिकारको प्रत्यभूत गर्न स्वएम् गाँउपालिकाको मात्र नभइ संघ र प्रदेशको पनि उत्तिकै दायित्व रहेको छ । यो दायित्व पुरा गर्नको लागि शिक्षा एउटा आधारभूत अंग भएकोले यस क्षेत्रको संचालन र विकासका लागि दीर्घकालीन नीति, कार्यक्रम र योजना तर्जुमा पहिलो प्राथमिकता हो ।

स्वास्थ्य तथा पोषण

यस पालिकामा १० वटा स्वास्थ्य संस्था र गाउँ घर क्लिनिक सहित २३ वटा स्वास्थ्य केन्द्र रहेका छन । यस मध्ये ६ वटा स्वास्थ्य संस्थामा प्रसुति सेवा उपलब्ध रहेको छ । कुल ४९ जनास्वास्थ्य कर्मी कार्यरत रहेका छन जसमा ७ जना हेल्थ असिस्टेन्ट र ४२ जना अन्य स्वास्थ्यकर्मी कार्यरत छन् । विरामी हुँदा स्वास्थ्य संस्थामा जाने व्यक्ति ७० प्रतिशत रहेको, ६१ प्रतिशत महिलाहरू स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेको । ६ वटा वर्थिङ् सेन्टरहरु छन् । ६३ वटा स्वास्थ्य आमा समूह सकृय रुपमा संचालन रहेका छन् । यसै गरी परिवार नियोजनको साधन प्रयोग दर ३१ प्रतिशत, झाडा पाखालाको संक्रमण प्रतिहजार २३६ जना,प्रतिहजार ३८० जनामा श्वास प्रश्वास संक्रमण र निमोनिया संक्रमण प्रतिहजारमा २३ जना रहेको देखिन्छ ।

खानेपानी तथा सरसफाइ

भूकम्पले पानीका स्रोतहरुलाई धेरै किसिमबाट असर गरेको देखिन्छ । पिउने पानीको स्रोतमा पानीको मात्र घट्नु , स्रोतमा पानी सुक्नु, र पानीको संरचना र पहिरोको क्षतिको कारण नष्ट भएको र पिउने पानी दूषित हुने जस्ता समस्या देखिन्छ । पानी, सरसफाइ र स्वास्थ्य सुविधाहरू धेरै प्रभावित छन् । धेरै वडाहरुमा खानेपानीको ठूलो समस्या देखिन्छ । केहि शौचालयहरु अझै पनि पुनर्निर्माण हुन बाँकी रहेको देखिन्छ ।

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण

यस गाउँपालिकामा जम्मा २४४८६ जनसंख्या मध्ये महिलाको प्रतिशत ४९.३ प्रतिशत रहेको छ । यसै गरी दलितको १२ प्रतिशत र जनजातिको ६८.६२ प्रतिशत, बालबालिकाको (०-१५) २४.०९ प्रतिशत, जेष्ठ नागरिक

९.०४ प्रतिशत, ०.६८ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन । भूकम्प र कोभिड १९ को प्रभावका कारण धेरै सामाजिक, मनोवैज्ञानिक आर्थिक, र शिक्षा समस्याहरू आत्महत्या, लैंगिक हिंसा, यौन उत्पीडन, बाल विवाह, विद्यालय छोड्ने, र विद्यालय वाहिर रहेका बालबालिकाहरू) वृद्धि भएको देखिन्छ ।

युवा तथा खेलकुद

गाउँपालिकाको कूल जनसंख्याको सक्रिय जनसंख्या (१४–६० वर्षसमूह) ६३.८ प्रतिशत रहेको छ । स्थानीय तहमा पर्याप्त रोजगारीको अवसर नहुदा वैदेशिक रोजगारमा जाने प्रबृत्ति बढ्दो छ । उमेर समूहको आधारमा सबै भन्दा बढि १५–२९ वर्षसमूह (२९.४ प्रतिशत) देखिन्छ । यसै गरि ३०–४४ वर्षसमूहको १९.७ प्रतिशत रहेको छ । यस गाउँपालिकाको कुल ५,३३४ घरधुरी मध्ये ७,४४ घरधुरी बाट ७,६१ (४.९१ प्रतिशत) बैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा संलग्न घरधुरी १४ प्रतिशत रहेका छन् । युवा सञ्जाल ९ वटा, गाउँपालिकास्तरीय खेलकुद मैदान १ वटा रहनुका साथै वार्षिक एक पटक गाउँपालिकास्तरीय खेलकुदको आयोजना हुने गरेको छ ।

४.३ समस्या र चूनौति

गाउँपालिकामा गुणस्तरीय, व्यवसायिक र जीवपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयहरु बिकास हुन सकेको छैन । समुदायको जनसंख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ । यस पालिकामा अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त रहेको छैन भने विद्यार्थी संख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ भने व्यावसायिक तालिम सञ्चालन हुनु अर्को समस्याको रुपमा देखिएको छ । विद्यालयमा छात्रामैत्री शौचालयको व्यवस्था, सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था नभएका कारण प्राय: जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागू हुन सकिरहेको छैन ।

गाउँपालिका योजनाबद्ध र व्यवस्थित पालिका उन्मुख भई अगाडी बढीरहेको अवस्थामा समेत जनस्वास्थ्य जस्तो संवेदनशिल विषयमा सबै पालिकावासीको सहज पहुँच नहुनु, उपचारको व्यवस्था नहुनु जस्ता समस्या तथा चुनौतीहरु रहेका छन् । स्थानीय स्तरमा चिकित्सक/विशेषज्ञ सेवाको उपलब्धता पहुँच नभएको कारण विशिष्ट स्वाथ्य उपचारको लागि नेपालगञ्ज, काठमाडौं र अन्य स्थानमा जानुपर्ने वाध्यता रहेको छ । विरामीलाई स्वास्थ्य संस्थामा समयमै लैजान गाउँपालिका क्षेत्रमा एम्वुलेन्स सेवा रहेको छैन ।

शुद्ध खानेपानी उपभोग बारे जनचेतनाको कमी हुनु, पानी शुद्धिकरण गर्ने सामग्रीको सहज पहुँच नहुनु जस्ता समस्या रहेका छन् । खुला दिशा मुक्त क्षेत्र घोषणा भएता पनि यसको पूर्ण कार्यान्वयनमा कमी रहेको छ भने सार्वजनिक सौचालयको व्यवस्था नहुँदा पूर्ण सरसफाई कायम राख्न कठिनाई रहेको छ । सञ्चालित खानेपानी आयोजनाको नियमित मर्मतसंभार र दिगोपनाको कमी रहेका कारण पुन:नयाँ निर्माण गर्नुपर्ने अवस्था रहेको छ।

संस्थागत तहमा तथा घरपरिवारमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुन:प्रयोग तथा विसर्जन गर्ने प्रविधि विस्तार र हस्तान्तरण र ल्याण्डफिल साइट व्यवस्था हुन नसक्दा फोहोरमैला व्यवस्थापनको समस्या बढ्दै गएको छ ।

यस य्गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा हालका दिनमा सकारात्मक प्रयास भएता पनि रणनीतिक पहल र अपेक्षाकृत सुधार हुन सकेको देखिदैन । गाउँपालिकामा महिला, बालबालिका र लक्षित वर्गमैत्री पूवार्धार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक तथा महिला प्रतिको सोच र व्यवहार अझपनि सकारात्मक वन्न सकिरहेको छैन । उपरोक्त वर्गमाथि हिंसाजन्य व्यवहार कायम रहेकके हुनाले यो चुनौतीको रुपमा देखिन्छ ।

४.४ आवधिक योजना अनुसार विषय क्षेत्र लक्ष्य, उद्देश्य र रणनीति

४.४.१ लक्ष्य

गाउँपालिकाको सामाजिक बिकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- शिक्षित, स्वस्थ, प्रतिस्पर्धी र सीपयुक्त तथा समावेशी समाजको सृजना हुने ।

४.४.२ उद्देश्य

गाउँपालिकाको सामाजिक बिकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. जिवनउपयोगी तथा आत्मनिर्भर शिक्षा मार्फत दक्ष, अनुशासित जनशक्ति उत्पादन गर्नु ।
२. सर्वसुलभ, सहज तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नु ।
३. स्वस्थ एवं दक्ष नैतिकवान युवा शक्ति तथा व्यवसायिक खेलाडीको बिकास गर्नु
४. महिला सशक्तिकरण, बाल अधिकार प्रवर्द्धन एवं अपांग र ज्येष्ठ नागरिकमैत्री (सामाजिक समावेशीकरण) समावेशी समाजको निर्माण गर्नु ।
५. सुरक्षित खानेपानी सुविधामा बृद्धि भई सरसफाइजन्य व्यवहारमा सुधार गर्नु ।
६. स्थानिय कला सस्कृतिको संरक्षण तथा प्रवद्धन गर्नु ।

४.४.३ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सामाजिक बिकास क्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ :

१. सर्वसुलभ, गुणस्तरीय, जिवनोपायोगी शिक्षा तथा पूर्वाधार सम्पन्न शैक्षिक संस्था मार्फत आत्मनिर्भर तथा अनुशासित जनशक्ति उत्पादन गर्ने ।
२. स्थानीयवासीको आधारभूत स्वास्थ्यमा पहुँच तथा पोषणको अवस्थामा गुणस्तरमा वृद्धि गर्ने ।
३. लक्षित वर्गको आत्मनिर्भरताका लागि अवसर सृजना गरी समतामा आधारित समाजन निर्माण गर्ने ।
४. सुरक्षित तथा स्वच्छ खानेपानीमा गापाबासीको पहुँचमा अभिबृद्धि गर्ने ।
५. युवा पिडीमा आत्मविश्वास र स्वरोजगार अभिवृद्धि गर्ने ।
६. स्थानीय कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्न पर्यटनसँग जोड्दै व्यवसायीकरण गर्ने ।

४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सामाजिक क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.१ : सामाजिक क्षेत्र बिकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नतिजा	सूचक	इकाई	आधार वर्ष (२०७७/७८)	उपलब्धी		
				२०७९/८०	२०८०/८१	२०८१/८२
मध्यमस्तरको जनशक्ति उत्पादन भएको हुने ।	गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय र व्यवसायिक तथा प्राविधिक शिक्षालय	संख्या	२	–	–	४
मध्यमस्तरको जनशक्ति उत्पादनका लागि शिक्षण संस्थाहरुको पूर्वाधार सुधार भएको हुने ।	पूर्वाधार सुधार भएका विद्यालय र व्यवसायिक तथा प्राविधिक शिक्षालय	सख्या	१		१	
सबै बालबालिकाको माध्यमिक तह सम्मको शिक्षामा	कक्षा १ मा भर्नादर	प्रतिशत	९५.५३	९६	९७	९८
	आधारभूत तह (कक्षा १–५) मा खुद भर्ना दर	प्रतिशत	१५४	१२५	११५	१००

नतिजा	सूचक	इकाई	आधार वर्ष (२०७७/७८)	उपलब्धी		
				२०७९/८०	२०८०/८१	२०८१/८२
पहुँच पुग्नुको साथै शिक्षाको गुणस्तरमा वृद्धि भएको हुने ।	आधारभूत तह (कक्षा १–५) मा कुल भर्ना दर	प्रतिशत	९६	९७	९७.५	९८
	आधारभूत तह (कक्षा १–८) मा खुद भर्ना दर	प्रतिशत	९२.२१	९३	९५	९७
	आधारभूत तहमा विद्यालयमा जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका	प्रतिशत	४	३	२	१
	माध्यमिक तह(कक्षा९-१२) मा खुद भर्ना दर	प्रतिशत	७१.१	७२	७५	९०
	विद्यालय शिक्षा (१–१२) मा शिक्षक विद्यार्थी अनुपात	अनुपात	२५	२४.५	२४	२३.५
दक्ष जनशक्ति उत्पादनका लागि आधुनिकिरण र प्रविधियुक्त विद्यालयहरु भएका हुने ।	आधुनिकिरण र प्रविधियुक्त विद्यालयहरु	संख्या		१	१	-
साक्षरता दर र जीवन उपयोगी शिक्षाको अवसर बडेको हुने	पाँच वर्ष देखि माथिको उमेर समूहको जनसंख्याको साक्षरता दर	प्रतिशत	६५	८०	८५	९०
	युवा साक्षरता दर (१५-२४ उमेर समूह)	प्रतिशत	७५.८९	८५	९८	९९

४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

सामाजिक बिकास बिकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३.२ : सामाजिक क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट तथा खर्च अनुमान (रु. हजारमा)				खर्चको स्रोत (रु. हजारमा)		
	कुल	चालु	पुँजिगत	वित्तीय व्यवस्था	आन्तरिक श्रोत	नेपाल सरकार	प्रदेश सरकार
२०७९/८०	१३१,५३३	७८,९२०	५२,६१३	०	५,९२३	११९,५४९	६,०६१
२०८०/८१	१४४,६६०	८६,७९६	५७,८६४	०	५,९२३	१३१,१२८	७,६०९
२०८१/८२	१५५,२८७	९३,१७२	६२,११५	०	५,९४७	१४१,१६८	८,१७३
जम्मा	**४३१,४८०**	**२५८,८८८**	**१७२,५९२**	०	१७,७९२	३९१,८४५	२१,८४३

४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सामाजिक बिकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.६ : सामाजिक बिकास तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

सि.नं.	कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती)	अनुमानित लागत (रु. हजारमा)	पुष्ट्याई	आगामी ३ वर्षको उपलब्धी सूचक
१.	**शिक्षा**	शिक्षालाई जीवन उपयोगी बनाउनको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक बनाउने	२०७९/८० देखि २०८१/८२ सम्म	१३७१३६	स्थानीय तहको आयोजनामा समावेश	प्राविधिक शिक्षालय स्थापना

सि.नं.	कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती)	अनुमानित लागत (रु. हजारमा)	पुष्ट्याई	आगामी ३ वर्षको उपलब्धी सूचक
						र सञ्चालन भएको हुनेछ ।
२.	स्वास्थ्य तथा पोषण	आम नागरीकमा स्वास्थ्य सम्बन्धि सचेतना अभिवृद्धि गरी स्वास्थ्य तथा पोषणको सुचकमा सुधार गर्ने । ३. स्वास्थ्य सम्बन्धी विपद जोखिम न्यूनिकरण गनु	२०७९/८० देखि २०८१/८२ सम्म	२६४५०	स्थानीय तहको आयोजनामा समावेश	गुणस्तरीय भइ स्वास्थ्य सेवामा सुधार आएको हुनेछ ।
३	खानेपानी तथा सरसफाइ	गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार गर्ने	२०७९/८० देखि २०८१/८२ सम्म	४८८००	स्थानीय तहको आयोजनामा समावेश	गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार भएको हुनेछ ।
४	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाइ संस्थागत गर्दै लैङ्गिकताको कारण पछाडी परेका सबैको संम्म्मानित जिवन यापनको वातावरण सुनिश्चित गर्ने ।	२०७९/८० देखि २०८१/८२ सम्म	३३०००	स्थानीय तहको आयोजनामा समावेश	लैङ्गिक तथा अन्य सामाजिक विभेदमा कमी आएको हुने छ ।
५	युवा तथा खेलकुद	युवाहरुको सीप र नेतृत्व क्षमतामा वृद्धि गरी उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउनु ।	२०७९/८० देखि २०८१/८२ सम्म	५४०१०	स्थानीय तहको आयोजनामा समावेश	युवाहरु उद्यमशील, स्वरोजगार र स्वावलम्बी भएको हुनेछ ।
	जम्मा			२९९३९६		

४.८ जोखिम पक्ष तथा अनुमान

शैक्षिक पुर्बाधारहरु राम्रो भएता पनि गुणस्तरीय शिक्षामा कमि आएको छ । स्वास्थ्य क्षेत्र महंगो हुनुका साथै सर्वसाधारणको पहुँच बाहिर जाने खतरा छ । विद्यमान स्वास्थ्य प्रणाली कोभिड १९ लगायत अन्य माहामारी र अन्य स्वास्थ्य समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था देखिएको छ । माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ ।

पूर्वाधार, प्रयोगशाला, अनुसन्धान र सुविधाको उपलब्धता, प्रशिक्षण, संगठन संरचना र जनशक्तिको व्यवस्था र क्षमता अभिबृद्धी भए अपेक्षित नतिजा हासिल गर्न जोखिम नहुन सक्छ । तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ ।

परिच्छेद ५
पूर्वाधार बिकास

५.१ पष्ठभूमि

५.२ विद्यमान अवस्था, संभावना तथा अवसर

गाँउपालिकाको आर्थिक एवं सामाजिक विकासको लागि यातायात पूर्वधार निर्माण महत्वपूर्ण हुन्छ । सडक, पुल, केवलकार, रन्जुमार्ग लगायतका यातायातका साधनहरुको व्यवस्थापनले गाँउपालिकाको विकासमा टेवा पुर्‍याउदछ । बारपाक सुलीकोट गाँउपालिकामा वडा नं १,२,३ भौगोलिक विकटता भएको हुनाले तदानुरुप यातायातका साधनहरुको विकास र विस्तार गर्नु पर्दछ । यस गाउँपालिकामा हालसम्म जम्मा ३ कि.मि. सडकहरु कालो पत्रे भएको छ भने करिब २५० किलोमिटर कच्ची सडकहरु प्रयोगमा आएका छन् । यी कच्ची सडकहरुको स्तर उन्नती गरी कालो पत्रे गर्ने र कतिपय स्थानमा नयाँ ट्रयाक खोली पक्की पुल र कल्भर्ट निर्माण गरी यातायातलाई सुचारु र व्यवस्थित गर्नु नितान्त जरुरी छ । वडा नं. ६ मा रहेको गाउँपालिका केन्द्रबाट वडा नं. ७, ३, २, १,४, ५ र ८ हुँदै निर्माण परिकल्पना गरिएको गाउँपालिका चक्रपथले पूर्णता पाएपछि यहाँको भौगोलिक विकटता भौगोलिक निकटतामा परिणत भई गाउँपालिकावासीको समृद्धिको आकाङ्क्षाले पूर्णता पाउने विश्वास गर्न सकिन्छ । यसको साथै पर्यटकीय पदमार्गको संचालन गरी पर्यटन व्यवसायको संभाव्यता अध्ययन गरी पर्यटन व्यसाय मार्फत गाँउपालिकामा रोजगार सिर्जना गरी आर्थिक गतिविधि बढाउनु पनि उत्तिकै जरुरी छ । गाउँ पालिकाकमा सडक यातायातको विकास भएको भएता पनि पैदल मार्गको उतिकै महत्व रहेको छ । गाउँलेहरु गाउँ बेशी गर्ने देखि लिएर घाँस दाउराका लागि जंगल जाने होस या गोठ तथा खर्कमा जाने होस पैदल मार्गको प्रयोग भई नै रहेको छ । तर ति पैदल मार्गहरु संरक्षणको अभावमा जीर्ण बन्दै गएका छन । गाउँपालिकाको भौगोलिक बनावट अत्यन्तै भिरालो रहेको छ । बाढि तथा पहिरोले हरेक वर्ष सडक, सिँचाइ तथा विद्युत जस्ता पूर्वाधारहरुको क्षति हुने गरेको छ । निर्माण भएका अधिकाँश सडकहरुमा भूकम्प प्रतिरोधी प्रविधि, विपद उत्थानशिलता तथा वातावरणीय पक्षलाई कम ध्यान दिइएको छ । त्यसैगरी सडक निर्माण गर्दा नालीहरुको निर्माण गरेको देखिदैन । सडक तथा पुलहरुको निर्माण गर्दा अपनाउनुपर्ने न्यूनतम मापदण्ड र निर्देशिका निर्माण र कार्यान्वयनमा गाउँपालिकाले जोड दिन जरुरी छ । सडक, पुल, झोलुंगे पुल, यातायात तथा पैदल मार्गको दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने टट्कारो अवस्यक्ता रहेको छ ।

५.३ समस्या र चूनौति

अधिकांस सडकहरु कच्ची र साँगुरा हुनु, वडा केन्द्रबाट गाँउपालिका केन्द्रसम्म सडक विस्तार नहुनु, विना योजना र प्राविधिक सहयोग विना सडक विस्तार गर्नु, विभिन्न सडकलाई जोड्ने पक्की पुल, पुलेसा, नाली र कल्भर्टको निर्माण नहुनु, वातावरणीय पक्षलाई ध्यान नदिई सडक विस्तार गर्नु, पर्यटकीय पदमार्गको विस्तार नहुनु, सडक यातायात बाहेक अन्य यातायातका साधनहरुको अभाव हुनु, वैज्ञानिक भाडादर कायम नहुनु, सडक निर्माणमा बजेट विनियोजन र संचालनमा कुशलताको अभाव, ठेक्कापट्टा व्यवस्थापनमा कमजोरी रहनु, मापदण्ड विना नै सडक योजनाहरुको पहिचान र छनौट हुनु, गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्वन्धी ऐन, २०७५ अनुसार सडकहरु वर्गिकरण गर्न नसक्नु, सडक सञ्जालको योजना बनाउँदा विपद जोखिम न्यूनिकरणमा ध्यान पुर्‍याउन नसक्नु, पुराना सवारी साधन र चालकलाई प्रशिक्षणको अभाव, सडक यातायात व्यवस्थित नहुनुयस क्षेत्रका प्रमुख समस्याहरु हुन ।

५.४ आवधिक योजना अनुसार विषय क्षेत्र लक्ष्य, उद्देश्य र रणनीति

५.४.१ लक्ष्य

गाउँपालिकाको पूर्वाधार बिकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- सडक पूर्वाधारको दीगो रुपमा विकास र विस्तार भई गाउँपालिकाका सबै बस्तिमा सहज यातायातकोसुविधा उपलब्ध हुने ।

५.४.२ उद्देश्य

गाउँपालिकाका पूर्वाधार बिकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. सडक, पुल पुलेसा, पैदल मार्गको उचित संरक्षण, मर्मत संभार तथा व्यवस्थापन गरि गाउँवासीको सहज यातायातमा पहुँचमा वृद्धि गर्ने ।

२. सुरक्षित, सुविधायुक्त, कम, खर्चिलो, वातावरण मैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भवन आवास तथा वस्तीको निर्माण गर्ने ।

३. सिंचाईका विविध विधिको माध्यमबाट गाउँपालिकाका मुख्य कृषियोग्य भूमीमा सिंचाई सुविधाको विस्तार भएको हुने ।

४. गाउँपालिकाका सम्पूर्ण बस्तीमासूचना र प्रविधिको उपयोगमा विस्तार एवं विकास गरि गाउँपालिकावासी नागरिकको दैनिक जीवन सहज बनाउन टेवा पुगेको हुनेछ ।

५.४.३ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बर गरिनेछ :

१. यातायात संजाल विस्तार गर्ने ।

२. अपांग मैत्री, वातावरण मैत्री तथा सडक पूर्वाधारको दीगोपनाका उपायहरुको अवलम्बन गर्ने ।

३. गाउँ बस्तीमा सहज पैदल यात्राको लागि गोरेटो बाटोको संजाल विस्तार गर्ने ।

४. संघ र प्रदेश संग, समन्वय गरि सार्वजानिक, समुदाय तथा उपभोक्ता समिति सहभागितामा सडकको मर्मत संभार तथा ब्यबस्थापन गर्ने ।

५.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

पूर्वाधार क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.१. : पूर्बाधार बिकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	इकाई	आ.व. २०७७ /७८ आधार	मध्यमकालीन लक्ष्य		
			०७९/८०	०८०/८१	०८१/८२
१. भवन निर्माण, आवास तथा बस्ती विकास					
सुरक्षित, सुविधायुक्त, कम खर्चिलो, वातावरणमैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भएर निर्माण भएका घरहरुमा वसोवास गर्ने घरपरिवार	प्रतिशत	२०	१०	१०	१०
स्थानीय निर्माण सामाग्रीको प्रयोग गरी निर्माण गरीएका घरहरु	प्रतिशत	१५	५	५	५
२. सडक तथा यातायात					
बाह्रै महिना सवारी साधन संचालन हुने गुणस्तरीय सडक	संख्या		१	१	१
वडा केन्द्रदेखि गाँउपालिका केन्द्रसम्म जोड्नेजेष्ठ नागरिक मैत्रि, अपाङ्गमैत्री,नाला, पर्खाल सहित कालोपत्रे सडक	किमि.		३६	३६	३८
सडक पुल (हुँडीखोलामा ३ र बारपाकमा २ वटा)	संख्या		२	२	१
झोलुंगे पुल (नयाँ निर्माण)	संख्या		२	२	२
झोलुंगे पुल मर्मत	संख्या		१	२	२
३. विद्युत तथा वैकल्पिक उर्जा					

सूचक	इकाई	आ.व. २०७७ /७८ आधार	मध्यमकालीन लक्ष्य		
			०७९/८०	०८०/८१	०८१/८२
गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा विद्युत, ग्याँस र पानीको योगदान ।	प्रतिशत	२	४	६	१०
निर्माण गरीएका जलविद्युत, उर्जा (वैकल्पिक उर्जा र नविकरणीय उर्जा) आयोजनाको क्षमता	प्याकेज		२	१	
४. सूचना तथा संचार प्रविधि					
सूचना र सञ्चार प्रविधिको प्रयोगबाट दैनिक जीवन सहज भएका नागरिक ।	प्रतिशत	२०	२०	२०	२०
सुरक्षित, भरपर्दो सूचना तथा संचार प्रविधि प्रयोग गर्ने नागरिक	प्रतिशत	२०	१५	१५	१५

५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

पूर्वाधार बिकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ३.२ : पूर्वाधार क्षेत्रको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आर्थिक वर्ष	बजेट तथा खर्च अनुमान (रु.लाखमा)				खर्चको स्रोत (रु. लाखमा)		
	कुल	चालु	पुँजिगत	वित्तीय व्यवस्था	आन्तरिक श्रोत	नेपाल सरकार	प्रदेश सरकार
२०७९/८०	१८४,०३३	११०,४२०	७३,६१३	०	८,२८७	१६७,२६६	८,४८०
२०८०/८१	२०२,४००	१२१,४४०	८०,९६०	०	८,२८७	१८३,४६६	१०,६४७
२०८१/८२	२१७,२६९	१३०,३६१	८६,९०७	०	८,३२०	१९७,५१४	११,४३५
जम्मा	६०३,७०२	३६२,२२१	२४१,४८०	०	२४,८९४	५४८,२४६	३०,५६२

५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

पूर्वाधार बिकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.६ : पूर्वाधार बिकास कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

सि.नं.	कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती)	अनुमानित लागत (रु. हजारमा)	पुष्ट्याई	आगामी ३ वर्षको उपलब्धी सूचक
१.	भवन निर्माण, आवास तथा बस्ती विकास	सुरक्षित, सुविधायुक्त, कम, खर्चिलो, वातावरण मैत्री, प्रविधियुक्त र स्थानीय निर्माण सामाग्रीमा आधारित भवन आवास तथा वस्तीको निर्माण गर्ने ।	२०७९/८० देखि २०८१/८२ सम्म	३५६२००	आवद्यिक योजनाको प्राथमिकता	सुरक्षित, सुविधायुक्त, वातावरण मैत्री, भवन आवास तथा वस्तीको निर्माण भएको हुनेछ ।
२.	सडक, पुल, झोलुंगे पुल, यातायात तथा पैदल मार्ग	गुणस्तरीय सडक संजालको विस्तार गरी आर्थिक तथा सामाजिक अवसरहरुमा गाँउवासीको पहुचँ वृद्धि भएको हुनेछ ।	२०७९/८० देखि २०८१/८२ सम्म	३६०६३००	आवद्यिक योजनाको प्राथमिकता	गुणस्तरीय सडक संजालको विस्तार भई गाँउवासीको पहुचँ वृद्धि भएको हुनेछ ।
३.	**विद्युत तथा स्वच्छ उर्जा**	जलविद्युत र नवीकरणीय उर्जा उत्पादन प्रयोग क्षमता र दक्षता अभिवृध्दि गरी आर्थिक विकासमा टेवा पुर्याउन ।	२०७९/८० देखि २०८१/८२ सम्म	९४५००	आवद्यिक योजनाको प्राथमिकता	जलविद्युत र नवीकरणीय उर्जा उत्पादन प्रयोगमा बृद्धि भएको हुनेछ ।
४.	**विद्युतीय सुशासन, सूचना र संचार**	गाउँपालिकाका सम्पूर्ण बस्तीमासूचना र प्रविधिको उपयोगमा विस्तार एवं विकास गरि गाउँपालिकावासी नागरिकको दैनिक जीवन सहज बनाउन टेवा पुगेको हुनेछ ।	२०७९/८० देखि २०८१/८२ सम्म	८५९००	आवद्यिक योजनाको प्राथमिकता	सम्पूर्ण बस्तीमा सूचना र प्रविधिको उपयोगमा विस्तार भएको हुनेछ ।
	कूल जम्मा			**४१४२९००**		

५.८ जोखिम पक्ष तथा अनुमान

आवधिक योजनाले अनुमान गरेको खर्च अधिक र उपलब्ध बजेट कम भएकोले श्रोतको अभावमा कार्यान्वयनमा कमी हुन सक्ने देखिन्छ । वातावरणीय संवेदनशिलताको आधारमा वातावरणीय अध्ययन, प्राविधिक, आर्थिक सामाजिक संभाव्यता विस्तृत आयोजना प्रतिवेदन तयार तथा टेण्डर प्रक्रियासमेत समयमा स्रोतको व्यवस्थापन गरी गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढ्न सक्ने जोखिम रहन्छ ।

परिच्छेद ६
वन, वातावरण तथा विपद व्यवस्थापन योजना

६.१ पृष्ठभूमि

बारपाक सुलीकोट गाउँपालिकाको कुल क्षेत्रफलको ४० प्रतिशत क्षेत्रफल वनले ओगटेको छ गाउँपालिकामा जनसंख्याको बासाइसराईले बनमाथिको चाप कम हुदै जानु तथा जग्गा बाझो हुनुले बनको क्षेत्रमा बृद्धि भएको पाइन्छ । यस गाउँपालिका बेशी देखि हिमाली क्षेत्र सम्म फैलिएको हुँदा जैविक विविधताले भरिपूर्ण रहेको छ । वनक्षेत्रमा साल, चिलाउने, कटुस, उत्तिस, खोटेसल्ला, लालीगुराँस, तेजपत्ता, बाँझ आदि जस्ता वन पैदावार पाइन्छन् । जङ्गली जनावर तर्फ दुम्सी, बाँदर, मृग, बँदेल, जरायो, स्याल, मलस्याप्रो, वन विरालो, लोखर्के आदि पाईन्छ । यस गाउँपालिकाको वडा नं. १, २, ३ र ४ मा प्रशस्त जडीबुटी पाईने हुनाले जडीबुटी संकलन, भण्डारण र प्रशोधन गरी निर्यात प्रबर्द्धनमार्फत स्थानीय जनताको आयआर्जन बढाउन सकिन्छ । यस गाँउपालिकामा ५१ वटा सामुदायिक वन रहेका छन् । विकास निर्माणका पूर्वाधारहरुको संचालन गर्दा बन क्षेत्रमा केही मात्रामा क्षेति पुगेको देखिन्छ । पूर्वाधार निर्माण सडक, भवन, तथा अन्य भौतिक पूर्वाधार निर्माणका कार्य गर्दा ब्यापक मात्रामा जमिनको क्षयिकरण भएको तथा नागरिकको स्वास्थमा प्रतिकुल असर परेको र बाढी, पहिरो बढ्न गई वातावरणमा नकरात्मक प्रभाव परेको छ ।

६.२ विद्यमान अवस्था, संभावना तथा अवसर

गाउँपालिकाको ४० प्रतिशत भूभाग वन, घाँसे मैदान तथा हरियालीले ढाकेको हुनु, बन ब्यबस्थापनमा समुदायको चासो रहनु, वन तथा वातावरण संरक्षण गाउँपालिकाको प्राथमिकतामा पर्नु, बनस्पति तथा जीवको जैविक विवधता हुनु, वन तथा वातावरण र विपद व्यवस्थापन सम्बन्धी कार्य दिगो विकासको लक्ष्यमा समाविष्ट हुनु, वातावरण सम्वन्धी संघ संस्थाहरूको साझेदारी रहनु, राष्ट्रिय तथा स्थानीय वातवरण अनुकुलन कार्ययोजना ९ीब्एब बलम

NAPA) पारित भई कार्यान्वयनमा हुनु, सामुदायिक, कवुलियती, निजी तथा धार्मिक वनहरूको विकास समुदायको संलग्ता बढ्दै जानु, भूकम्प पश्चात पुनर्निर्माण भएका घरहरूमा धुवा रहित चुल्हो जडान हुनु, जैविक विविधताका कारण प्राकृतिक पर्यटनको उच्च सम्भावना रहनु, काठ तथा जडिबुटीजन्य बहुमूल्य वन पैदावारको उपयोग र निकासीबाट आय आर्जनको सम्भावना हुन आदि अवसरका रूपमा रहेका छन्।

६.३ समस्या तथा चुनौती

प्राकृतिक सम्पदाको बढ्दो क्षयीकरण, आगलागीका कारण वन एवं वातावरणमा प्रतिकुल असर पर्नु, जनचेतनाको कमिले वन सम्पादाको उचित व्यवस्थापन हुन नसक्नु, वन्यजन्तुले कृषि उत्पादनलाई नोक्सानी गर्ने प्रबृत्ति बढ्दै जानु, पानी स्रोत सुक्दै जानु, कार्वन उत्सर्जनको प्रभाव बढ्दै जानु, पूर्वाधार विकास तथा ईन्धनको निर्भरताले वन विनाश बढ्दै जानु, जलाधारको उचित व्यवस्थापन नहुनु, जैविक विविधतामा कमी हुँदै जानु, प्लाष्टिक तथा सिसाजन्य वस्तुको उपयोग बढ्नु, कृषिमा प्रयोग हुने रसायन र विषादीको मापदण्डको अभाव हुनु, वातावरण सम्बन्धी काम गर्ने संघ संस्थामा समन्वय नहुनु, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरू पूर्णतया पुनर्स्थापित भइनसक्नु, बाढी, पहिरो लगायत विपदका घटनाहरू बढ्दै जानु, आदि प्रमुख समस्या हुन् ।

वनको अनधिकृत अतिक्रमण रोक्नु, विकास र वातावरण बीच सन्तुलन कायम गर्नु, जलाधार र जैविक विविधताको संरक्षण गर्नु, जलवायु अनुकुलन प्रविधिको विकास गर्नु, बन्यजन्तुको चोरी शिकारी नियन्त्रण गर्न, वनमा रहेको इन्धन निर्भरता घटाउनु, वन र वातावरणलाई आय आर्जन र रोजगारीमा आवद्ध गर्नु, बढ्दो प्लाष्टिकजन्य वस्तुको प्रयोग रोक्नु, फोहोरको उचित व्यवस्थापन गर्नु, वन तथा वातावरण सम्वन्धी काम गर्ने संघसस्थाहरूमा समन्वय कायम गर्नु, जलवायु परिवर्तनको असर वढ्दै जानु, विपदबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण सम्पन्न गरी पुनःस्थापन गर्नु, ६१ प्रतिशत घरमा इन्धनको स्रोतको रूपमा प्रयोग

हुँदै आएको दाउरालाई प्रतिस्थापन गर्नु, भौगोलिक जटिलता, बन्य जन्तुको व्यवस्थापन र बादरको आक्रमणबाट अन्न बानी जोगाउनु आदि यस क्षेत्रका प्रमूख चुनौती हुन् ।

६.४ लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकामा वन तथा जैविक विविधता, भूसंरक्षण र जलाधार व्यवस्थापन, वातावरण र फोहोरमैला व्यवस्थापन स्थानीय तहको लागि उपलब्ध वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्रको उद्धेश्य, परिमाणात्मक लक्ष्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

६.४.१ लक्ष्य

गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- लक्ष्य बन क्षेत्रको बैज्ञानिक ब्यबस्थपन भई गाउँबासीको आर्थिक उपार्जनमा टेवा दिएको हुनेछ ।

६.४.२ उद्देश्य

गाउँपालिकाका वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको उद्देश्य देहायअनुसार रहेका छ:

- बनको बैज्ञानिक ब्यबस्थापन, भू तथा जलाधार, जैविक विविधताको संरक्षण र उपयोग गरि नागरिकको आम्दानीमा टेवा पुर्‍याउनु ।

६.४.३ रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

- वन लगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक ब्यबस्थापन र उपयोग गर्ने ।
- प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने ।
- विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्ने ।

६.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

वातावरण तथा विपद व्यवस्थापना क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.१. : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	इकाई	आ.व. ०७७/७८ उपलब्धी	मध्यमकालीन लक्ष्य		
			०७९/८०	०८०/८१	०८१/८२
गाउँपालिकाको कुल क्षेत्रफलमा बन क्षेत्रले ढाकेको क्षेत्रफल	प्रतिशत	४०			४२
संकटासन्न अवस्थामा रहेका बनस्पतीका प्रजाती	सख्या				
संकटापन्न अवस्थामा रहेका प्राणीका प्रजाती	संख्या	१५	१४	१२	१०
गाउँपालिकाको कुल गाह्रस्त उत्पादनमा बन क्षेत्रको योगदान	प्रतिशत	०.५	१	१.५	२.५
समुदायबाट ब्वस्थापन भएको बन क्षेत्र	प्रतिशत	२१	२२	२३	२४
राष्टिय बन ब्यबस्थापनबाट काठ निस्कासन	क्यु फि.	१५००	२०००	२५००	३५००

सूचक	इकाई	आ.व. ०७७/७८ उपलब्धी	मध्यमकालीन लक्ष्य		
			०७९/८०	०८०/८१	०८१/८२
चोरी निकासी नियन्त्रण इकाई	संख्या	१	२	३	३
बन्यजन्तु सरक्षण उद्यान	संख्या	०			१
मानव तथा बन्यजन्तु द्वन्द व्यवस्थापन	प्याकेज	०	२	२	२
जलवायुको परिवर्तन असरबाट समायोजन हुन समानुकुल क्षमतामा बृद्धि जनसंख्या	प्रतिशत	१	५	७	१७
विपद्का घटनाबाट मृत्यु हुनेको संख्या	संख्या	१३८ (२०७२ को भूकम्प			३०
विपदका संभाव्य जोखिम स्थानको पहिचान र लेखाजोखा	संख्या	०	१		
विपद् पूर्व तयारी तथा प्रतिकार्य तालिम	संख्या	०	२	२	२
भूकम्प तथा प्रकोपबाट सुरक्षित वस्ती, सामुदायिक संरचना, भवन निर्माण भवन तथा संरचनाको मापदण्ड सम्बन्धी सचेतना	संख्या	०			१
विपद् जोखिम न्यूनिकरण जनचेतना कार्यक्रम संचालन	संख्या	०	१	१	१
आपतकालीन आश्रय स्थलको निर्माण	संख्या	०	१	२	३
आपतकालिन स्थापनाका लागि	संख्या	०	४	६	८
उत्थानशिल कुल जनसंख्या	प्रतिश त	८०	९०	९५	९८

६.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७.५. : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको खर्च तथा स्रोत (रकम रु. हजारमा)

आर्थिक वर्ष	बजेट तथा खर्च अनुमान (रु. हजारमा)				खर्चको स्रोत (रु. हजारमा)		
	कुल	चालु	पुँजिगत	वित्तीय व्यवस्था	आन्तरिक श्रोत	नेपाल सरकार	प्रदेश सरकार
२०७९/८०	११,०००	६,६००	४,४००		४९५	९,९९८	५०७
२०८०/८१	१२,०९८	७,२५९	४,८३९		४९५	१०,९६६	६३६
२०८१/८२	१२,९८७	७,७९२	५,१९५		४९७	११,८०६	६८३
जम्मा	**३६,०८५**	२१,६५१	१४,४३४		१,४८८	३२,७७०	१,८२७

६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य र उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएकोछ ।

तालिका ७.६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

रकम रु. हजारमा

क्र.सं.	विषय क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजनाको समयावधि	लागत अनुमान	पुष्ट्याईका आधार	आगामी ३ वर्षको उपलब्धी
१.	**वन, हरियाली र जैविक विविधता**	बन क्षेत्रको बैज्ञानिक व्यबस्थपन भई गाउँबासीको आर्थिक उपार्जनमा टेवा दिएको हुनेछ ।	२०७९/८० देखि २०८१/८२ सम्म	४३५००	प्रालिकाको प्राथमिकताको क्षेत्र	बन क्षेत्रमा आर्थिक उपार्जन कार्य सुरुवात भएको हुनेछ ।
४.	**विपद् व्यवस्थापन**	दीगो र वातावरणमैत्री विकासद्धारा जलवायू परिवर्तन र विपद व्यवस्थापन र न्यूनीकरण गर्ने ।	२०७९/८० देखि २०८१/८२ सम्म	१६३००	आवधिक योजनाको प्राथमिकता	जलवायू परिवर्तन र विपद व्यवस्थापन र न्यूनीकरण क्रियाकलापहरु सञ्चालन भएको हुनेछ ।
	जम्मा			**४९९२७**		

६.८ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, मानव वन्यजन्तु द्धन्द्ध र स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।

परिच्छेद ७

सुशासन तथा संस्थागत बिकास

७.१ पृष्ठभूमि

थानीय तहको सरकारहरूको प्रमुख जिम्मेवारी लोकतन्त्रका लाभहरूको वितरण गर्नु हो । जनताको निकटतम्तहका सरकारको रूपमा रहेका स्थानीय तहमा सुलभ सेवा प्रवाह भई सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ । बारपाक सुलीकोट गाउँपालिकामा कर्मचारी जम्मा १०३ जनाको दरबन्दी रहेकोमा हालसम्म ९३ जनाको मात्र पदपूर्ति भएको छ । बाँकी १० वटा दरबन्दीको पदपूर्तिका लागि लोक सेवा आयोगमा माग गरी पठाइएको छ । हालसम्म १९ वटा ऐन, ७ वटा नियमावली, ३२ वटा कार्यविधि, ६ वटा निर्देशिकाहरू तथा २ वटा मापदण्डहरु र १ वटा मार्गदर्शन गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट स्वीकृत भई गाउँपालिकाको राजपत्रमा प्रकाशन भएर कानूनको रुपमा कार्यान्वयनमा आएका छन । यसैगरी सभाबाट सुशासन समिति, विधायन समिति र लेखा समिति लगायत ५ वटा समिति र कार्यपालिकाबाट ४५ वटा समितिहरु गरी जम्मा ५० वटा बिभिन्न समिति, विषयगत समितिहरु गठन भएकाछन् । हाल५० वटै समितिहरु सक्रिय र प्रभावकारी देखिएका छन् ।सार्वजनिक सेवाका सन्दर्भमा गाउँपालिका र ८ वडामा गरी ९ वटा नागरिक बडापत्रको प्रयोग भएकोछ । सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट, मासिक रुपमा पालिकाको आम्दानी खर्च तथा बैठक तथा सभाका निर्णयहरु सार्वजनिक गर्ने अभ्यास नियमित रुपमा भएकोछ । समयमा नै बजेट तथा कार्यक्रम र यस सम्बन्धी ऐन नियमहरू स्विकृत भई कार्यान्वयनमा आउने गरेको छ । गाउँपालिकाको सञ्चित कोषको स्थापना भई सुत्रमा आधारित आर्थिक कारोवारको सञ्चालन, व्यक्तिगत घटना, सामाजिक सुरक्षा आदिको सेवामा विद्युतीय प्रणालीको प्रयोग भइरहेको, एप्सको प्रयोगबाट वस्तुगत विवरण संकलन भएको र आर्थिक कारोबार आइ एमइ बैङ्कको स्थानीय शाखाबाट सम्पादन हुने गरेको छ । न्याय सम्पादनका लागि उपाध्यक्षको अध्यक्षतामा न्यायिक समिति रहेको, साना साना विबादलाई गाउँपालिकाबाट नै मिलाउने गरिएको र जटिल प्रकृतिका घटनाहरु मात्र कानुनी दायरामा जाने गरेका छन । गाउँपालिका शान्ति सुरक्षाका लागि इलाका प्रहरी १ र २ वटा प्रहरी चौकी रहेको र यहिबाट गाउँपालिका भरि शान्ति सुब्यबस्था कायम गरिएको छ ।

७.२ विद्यमान स्थिति तथा संभावना

E-governance नागरिकको पहुँचमा बिस्तार गर्न नेपाल सरकार नीतिगत ब्यबस्था गर्नु, स्थानीय सरकार स्वायत्त भएको कारण गाउँपालिकाको वस्तुगत अवस्था हेरी आवश्यकताअनुसार असल शासन अभिवृद्धि, मानव संसाधन विकास र सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउन सकिने, विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट, अभ्यासहरूको अनुशरण गर्न सकिने, जनगुनासोलाई तत्काल सम्बोधन गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन सकिने, आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागु गर्न सकिने ।नगर प्रहरीको व्यवस्थापन गर्न सकिने र अन्य सुरक्षा निकायलाई समेत आवश्यकता अनुसारविस्तार गर्न सकिने ।सञ्चार माध्यममार्फत सूचना, जानकारी तथा गाउँपालिकाका काम र विकास निर्माणका योजनाका बारेमा गाउँपालिकावासीहरूलाई सुसुचित गर्न सकिने ।स्थानीय तहको एकल अधिकारभित्रका विषयमा कानून निर्माण गरी कार्यान्वयन गर्ने अधिकार हुनु ।आर्थिक कार्यप्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य केही ऐन कानूनहरू तर्जुमा हुनु । आफ्नो प्रशासनिक संगठन र संरचना आफै निर्माण गर्न सक्ने अधिकार हुनु, संवैधानिक तथा कानूनी रूपमा नै वित्तीय हस्तान्तरणबाट निश्चित स्रोतको सुनिश्चितता रहनु ।स्थानीय तवरमा विकास साझेदारहरूको उपस्थिति र सकारात्मक सहयोगको वातावरण हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेका छन ।

७.३ समस्या तथा चूनौति

लामो राजनैतिक संक्रमण पश्चात् हालसालै स्थापित नयाँ सङ्घीय प्रणाली अनुरूपको स्थानीय सरकार भएका कारण सर्वाङ्गीण संस्थागत विकास भइनसकेको, सङ्घीयताको अभ्यास तथा अनुभव नभएको हुँदा संघियताको मर्म अनुरुप नागरिकलाइ सेवा दिन नसक्नु, स्थानीयवासीमा चेतनाको स्तर माथि उठ्न नसक्नु, संस्थागत तथा क्षमता अभिवृद्धिका नियमित कार्यक्रमहरूको व्यवस्था नहुनु कर्मचारीहरू सुशासन तथा सेवा प्रवाहका नयाँ पद्धतिहरूमा कम जानकार हुनु, स्रोत, प्रविधि तथा पूर्वाधारहरूको अपर्याप्तता हुनु, गाउँपालिका, वडा कार्यालय, शाखा तथा उपशाखामा दरबन्दि अनुसार कर्मचारीको पदपूर्ती नहुनु, कर्मचारी तथा जनप्रतिनिधिलाइ पेशागत क्षमता विकास तालिम पर्याप्त मात्रामा नहुनु, लोक सेवा आयोग मार्फत आएका कर्मचारीको समय अगावै नै सरुवा हुने, आदि यस क्षेत्रका प्रमुख समस्या रहेका छन ।

चुनौती जनचासो र जनगुनासोको समयमै सम्बोधन गर्न, राजश्व अपचलन हुनबाट रोक्न,जनउत्तरदायी शासन प्रणालीको विकास गर्न,कर्मचारीको पदपूर्ति गरी सबैवडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु, आर्थिक ऐन कानून कार्यान्वयनमा ल्याउनु, संघीय सरकारबाट खटिने कर्मचारीहरूमा स्थायित्व ल्याउनु, समायोजित कर्मचारीहरूलाई स्थानीय सेवाअनुसार परिचालन गरी व्यवस्थित गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन्

७.४ लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस याउँपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता बिकास, स्रोत परिचालन र बिकास व्यवस्थापन लगायत स्थानीय तहको संस्थागत बिकास तथा सुशासन क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

७.४.१ लक्ष्य

यस याउँपालिकाको संस्थागत बिकास तथा सुशासन क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छ:

- गाउँपालिका आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको हुनेछ ॥

७.४.२ उद्देश्य

याउँपालिकाको संस्थागत बिकास तथा सुशासन क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- गाउँपालिकाको कार्यसम्पादन स्तर, नागरिक सन्तुष्टी र बिकास व्यवस्थापनमा प्रभावकारिता अृभिवृद्धि गर्नु

७.४.३ रणनीति

यस गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सुशासन तथा संस्थागत बिकास क्षेत्रमा देहायअनुसारका रणनीतिहरु अबलम्बन गरिनेछ :

- विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने ।
- कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने ।
- गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने ।

७.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सुशासन तथा संस्थागत बिकास क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.१०. : सुशासन तथा संस्थागत बिकास क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

सूचक	एकाई	आ.व. २०७७ /७८ उपलब्धी	मध्यमकालीन लक्ष्य		
			०७९/८०	०८०/८१	०८१/८२
आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चितता कार्यक्रम संचालन	प्याकेज		१	१	-
सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यक्रम	पटक	३	३	३	३
संस्थागत सुदृढीकरणको साथै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको कार्यक्रम संचालन	प्याकेज		१	१	१
पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणालीको विकास विस्तार	प्याकेज		१	-	-
सार्वजनिक आय व्यय पारदर्शि र व्यवस्थित अनुमानयोग्य र प्रभावकारी विकास प्रकृया	संख्या	१	१	१	१
सार्वजनिक आय र खर्च प्रणालीको प्रभावकारीतामा वृद्धि	प्याकेज	१	१	१	१
राजस्व सुधार कार्य योजना	संख्या	-	-	१	-
प्रभावकारी, व्यवस्थित र पारदर्शी खरिद प्रकृया			नियमित	नियमित	नियमित

७.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

सुशासन तथा संस्थागत बिकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोतको अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

तालिका ५.११. : सुशासन तथा संस्थागत बिकास क्षेत्रको त्रिवर्षीय खर्च र स्रोत अनुमान

आर्थिक वर्ष	बजेट तथा खर्च अनुमान (रु. लाखमा)				खर्चको स्रोत (रु. लाखमा)		
	कुल	चालु	पुँजिगत	वित्तीय व्यवस्था	आन्तरिक श्रोत	प्रदेश सरकार	नेपाल सरकार
२०७९/८०	१०६,०९५	६३,६५७	४२,४३८		४,७७७	९६,४२९	४,८८९
२०८०/८१	११६,६८३	७०,०१०	४६,६७३		४,७७७	१०५,७६८	६,१३८
२०८१/८२	१२५,२५५	७५,१५३	५०,१०२		४,७९६	११३,८६६	६,५९२
जम्मा	**३४८,०३३**	**२०८,८२०**	**१३९,२१३**		१४,३५१	३१६,०६३	१७,६१९

७.७ कार्यक्रम तथा आयोजना संक्षिप्त विवरण

सुशासन तथा संस्थागत बिकास क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.६. : वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

क्र.सं.	क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना	उद्देश्य	आयोजना/ कार्यक्रमको अवधि	अनुमानित लागत (रु. हजारमा)	पृष्ट्याईको आधार	आगामी ३ वर्षको उपलब्धी
१	संस्थागत विकास तथा सेवा प्रवाह	गाउँपालिका आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको हुनेछ ।	सालबसाली	४४५९६	वार्षिक योजनाको प्राथमिकता	गाउँपालिका आर्थिक रुपमा सवल, सामाजिक समावेशीकरण, लैङ्गिक समानता, शुसाशन, जवाफदेहिता तथा पारदर्शीता सुनिश्चित भएको हुनेछ ।
२.	वित्तिय सुशासन	सार्वजनिक आय व्ययलाइ व्यवस्थित,पारदर्शि र अनुमानयोग्य बनाई समग्र विकास प्रकृयालाइ प्रभावकारी बनाउने ।	सालबसाली	५७००	वार्षिक योजनाको प्राथमिकता	सार्वजनिक आय व्ययलाइ व्यवस्थित,पारदर्शि र अनुमानयोग्य बनाई समग्र विकास प्रकृयालाइ प्रभावकारी बनाउने ।
	संस्थागत बिकास कूल जम्मा			५०२९६		

७.८ जोखिम पक्ष तथा अनुमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।